स्थायी लेखा नं. : ६०५९८६८४८

रजिष्ट्रेसन नं.: १६४८६२/०७३/०७४

# दुधकोशी जलविद्युत कम्पनी लिमिटेड

## DUDHKOSHI JALVIDYUT COMPANY LIMITED



# दोस्रो वार्षिक प्रतिवेदन

## आ.व. २०७९/०८०



DUDHKOSHI STORAGE HYDROELECTRIC PROJECT
PROJECT LAYOUT MAP
SOLUKHUMBU
OKHALDHUNGA
KHOTANG
Thulung Dudhkoshi Rural Municipality
Nechasalyan Rural Municipality
Ainselukhark Rural Municipality
Chisankhugadhi Rural Municipality
Rawabesi Rural Municipality
Siddhicharan Municipality
Manebhanjyang Rural Municipality
Diktel Rupakot Majhuwagadhi Municipality
Halesi Tuwachung Municipality
Jubu
Panchan
Salyan
Ribdungjaleswor
R.Maheswori
Ainselukharka
NechaBedghari
Magpa
Jyamire
Kuibhir
Sema
Dubekoldada
Mamkha
Pokhare
Rumjhatar Airport
Siddhicharan N.P.
DumreDharapani
Hauncnur
Diyale
Kuvinde
Thulachhap
Bhadaure
Rabuwa
Kharpa
Bhoje Bridge
Lamidada Airport
Lamidada
Taluwa
Nunthala
Moli
Salle
Mangaltar
Buipa
Badahare
Mahadevsthan
Halesi Mahadev
Arkhaule
Durchhim
Chyasmitar
Dhitung
Tapli
Limchungbung
Dudhkoshi River
Sunkoshi River
Mid Hill Highway
Dudhkoshi River Reservoir Length = 18.3 km
Rawa River Reservoir Length = 7.7 km
Thotne River Reservoir Length = 5.5 km
RCR#1
RCR#2
PAR#1
PAR#2
PAR#3
DCR#6
Khijidemba
Siddhicharan
Thulung Dudhkoshi
Likhu
Molung
Nechasalyan
Ainselukhark
Kepilasagadhi
Okhaldhunga
Chisankhugadhi
Champadevi
Rawa Besi
Diktel Rupakot Majhuwagadhi
OKHALDHUNGA
KHOTANG
Sunkoshi
Dudh Koshi River
Dam Site
Manebhanjyang
Phikkal
Hilepani
Halesi
Diktel
Sakela
Halesi Tuwachung
Sun Koshi River
Powerhouse Site
Diprung Chuichumma
Khadkadhik
Tapli
Limchungbung
Ratmata
Discription of Site Establishment Areas
R1,L2, L3, L5, L7, S1, S3, S5, S6, S7, S8, S12 (Camp Area)
R2, L8, S10 (Batching Plant Area)
R3, R5, S11, S13, (Borrow Area)
R4, L1, S4, S9 (Yard Area)
L4, L9, S2 (Disposal Area)
LEGEND
Mid_Hill_Highway
Yard
Camp;
Disposal Area
Batching Plant;
Borrow Area
Dam Site Connecting Road (DCR)
Public Access Road (PAR)
Powerhouse Connecting Road (PCR)
Reservoir Connecting Road (RCR)
District Boundary
Reservoir
River
Project Componentes
Tunnel
0 0.5 1 2 3 4 Kilometers

# सञ्चालक समिति



**कुलमान घिसिङ**
अध्यक्ष
कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण



**प्रदिप कुमार थिके**
सदस्य
उप–कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण



**लोकहरि लुइँटेल**
सदस्य
उप–कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण

# व्यवस्थापकीय अधिकारीहरु



**विमल गुरुङ**
प्रमुख कार्यकारी अध्यक्ष



**राजेश थपलिया**
उप–प्रबन्धक



**हरि ओम अर्याल**
उप–निर्देशक (लेखा)
कम्पनी सचिव



**बासु कलौनी**
उप–निर्देशक (प्रशासन)



**बिपिन सापकोटा**
उप–प्रबन्धक



**नविनचन्द्र पौडेल**
सहायक प्रबन्धक



**संजिव रेग्मी**
सहायक प्रबन्धक



**यदुकिशोर श्रेष्ठ**
सहायक प्रबन्धक

# दुधकोशी जलविद्युत कम्पनी लिमिटेड

## DUDHKOSHI JALVIDYUT COMPANY LIMITED

### विषय सूची


दोस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

**खण्ड - क**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ..... १-११

२. आ.व. २०७९/०८० को वित्तीय विवरण ..... १२-२५

**खण्ड - ख**

१. प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना ..... २६

२. प्रथम वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ..... २७-३३

३. आ.व. २०७३/०७४ को वित्तीय विवरण ..... ३४-४८

४. आ.व. २०७४/०७५ को वित्तीय विवरण ..... ४९-६३

५. आ.व. २०७५/०७६ को वित्तीय विवरण ..... ६४-८३

६. आ.व. २०७६/०७७ को वित्तीय विवरण ..... ८४-१०४

७. आ.व. २०७७/०७८ को वित्तीय विवरण ..... १०५-१२०

८. आ.व. २०७८/०७९ को वित्तीय विवरण ..... १२१-१४३

**खण्ड - ग**

१. Salient Feature ..... १४४

२. Picture


### हाल कार्यरत कर्मचारीहरू

१. हेमराज वली – इन्जिनियर

२. श्याम सुन्दर महर्जन – इन्जिनियर

३. बल्लब मणी कोइराला – प्रशासकिय अधिकृत

४. प्रदिप पोखरेल – सहायक लेखा अधिकृत

५. शंकर बहादुर क्षेत्री – स्टोरकिपर

६. दिपरमण अधिकारी – वरिष्ठ सहायक

७. उदिप तण्डुकार – लेखापाल

८. अम्बिका सापकोटा – सूपरभाइजर

९. कल्याण बहादुर भुजेल – फोरमेन

१०. किशोर खड्का – सिनियर मिटर रिडर

११. तेज कुमार श्रेष्ठ – सिनियर मिटर रिडर

१२. कृष्ण गिरी – ड्राइभर

# दुधकोशी जलविद्युत कम्पनी लिमिटेड

## दोस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०।०८।२०)**

यस कम्पनी लिमिटेड, सञ्चालक समितिको मिति २०८०।०८।१५ गते बसेको १९ औं सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको दोस्रो वार्षिक साधारण सभा निम्न विषयहरूमा छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले शेयरधनी महानुभावहरू उपस्थित भइदिनु हुन अनुरोध छ ।

### सभा हुने मिति, समय र स्थानः

मिति : २०८०।०९।१३ गते शुक्रबार

समय : अपरान्ह ३:३० वजे

स्थान : ने.वि.प्रा.को सभाकक्ष, दरबारमार्ग, काठमाडौं ।

### साधारण सभामा छलफल हुने विषयहरूः

१. सञ्चालक समितिको तर्फबाट पेश हुने अध्यक्षज्यूको वार्षिक प्रतिवेदनउपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. आ.व. २०७९/०८० को वित्तीय विवरणहरू (वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह तथा सम्बन्धित अनुसूचीहरू) र लेखा परीक्षकको प्रतिवेदनउपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. लेखा परीक्षण ऐन, २०७५ को दफा ११ बमोजिम श्री महालेखा परीक्षकको कार्यालयको परामर्श तथा कम्पनी ऐन, २०६३ को दफा १६५ (घ) को प्रावधान अनुरूप महालेखा लेखा परीक्षकको कार्यालयको सिफारिसमा आ.व. २०७९/०८० को लागि नियुक्त हुनुभएका लेखा परीक्षक सि.ए. श्री दिपेन्द्र कुमार मिश्रज्यूको नियुक्ति र पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा ।

४. आ.व. २०८०/०८१ का लागि लेखा परीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. विविध ।

सञ्चालक समितिको आज्ञाले

**हरि ओम अर्याल**

कम्पनी सचिव

# दुधकोशी जलविद्युत कम्पनी लिमिटेडको दोस्रो साधारण सभाका लागि सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरू**

दुधकोशी जलविद्युत कम्पनी लिमिटेडको दोस्रो साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्न चाहन्छु ।

यो कम्पनी नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) को सहायक कम्पनीको रुपमा मिति २०७३।११।२० गते कम्पनी ऐन, २०६३ अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई विधिवत रूपमा स्थापना भएको हो । कम्पनीले पहिलो चरणमा ६३५ मेगावाट क्षमताको दुधकोशी जलाशययुक्त जलविद्युत आयोजनाको निर्माण प्रक्रियालाई अघि बढाएको छ । यस जलाशययुक्त आयोजनाको मुख्य बाँध खोटाङ र ओखलढुङ्गा जिल्लाहरूको सिमानामा पर्ने रबुवा बजारभन्दा करिब १ कि.मि. दक्षिण-पश्चिममा रहनेछ। यस आयोजनाका दुइटा विद्युतगृहहरूमध्ये ६०० मेगावाटको मुख्य विद्युतगृह खोटाङ जिल्लाको हलेसी तुवाचुङ नगरपालिकाको धितुङ गाउँ नजिक भूमिगत रूपमा तथा अर्को ३५ मेगावाटको म्क त्यभ विद्युतगृह बाँधसँगै ओखलढुङ्गा जिल्लाको चिसंखुगढी गाउँपालिकाको वडा नं. ६ मा रहनेछ। पछिल्लो वातावरणीय अध्ययन (E–Flow Study) अनुसार उपर्युक्त म्क त्यभ विद्युतगृहको क्षमता वृद्धि भई ७० मेगावाटसम्म पुग्ने कुरा परामर्शदाता ELC ले जनाएको छ । २२० मिटर अग्लो रकफिल बाँधको निर्माणबाट कुल ३१.५ कि.मि. लामो र १५८ करोड घ.मि. को कृत्रिम जलाशय (ताल) को निर्माण हुनेछ। उक्त जलाशयले सोलुखुम्बु जिल्लाको केही भाग पनि छुनेछ ।

यस आयोजनाबाट औसत ३,४४२ गिगावाट घण्टा वार्षिक ऊर्जा उत्पादन हुनेछ । यस आयोजनाबाट उत्पादित विद्युत करिब ८१ कि.मि. लामो ४०० के.भी. डवल सर्किट प्रसारण लाइनमार्फत ढल्केबर सवस्टेशन पुऱ्याई राष्ट्रिय प्रसारण सञ्जालमा जोडिनेछ ।

यस आयोजनाको मुख्य संरचनाहरूको निर्माण कार्य आ.व. २०८१/८२ मा सुरु गरी आ.व. २०८८/८९ मा सम्पन्न गर्ने लक्ष्य निर्धारण गरिएको छ। आयोजनाको निर्माण अवधि ७ वर्ष हुनेछ।

आयोजनाको निर्माणपश्चात् विशेषत सुख्खायाममा देशको विद्यमान ऊर्जा आपूर्तिको समस्या समाधान गर्न समेत ठुलो योगदान पुग्नुको साथै स्थानीय स्रोत तथा साधनको सदुपयोग भई समग्र देशको आर्थिक एवं सामाजिक विकासमा समेत टेवा पुग्ने देखिन्छ।

यस गरिमामय सभामा सञ्चालक समितिको तर्फबाट आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन र कम्पनी ऐन, २०६३ मा निर्दिष्ट ढाँचा अनुरूपका सोही अवधिको लेखा परीक्षण भएका वित्तीय विवरणहरू शेयरधनी महानुभावहरूको जानकारीको लागि प्रस्तुत गर्न अवसर पाएकोमा आफूलाई गौरवान्वित भएको अनुभूति गरेको छु। साथै, यस अवधिमा कम्पनीले हासिल गरेका प्रगति विवरणहरू संक्षिप्त रूपमा देहायबमोजिम प्रस्तुत गरिएको छ ।

## १. कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन :-

यस कम्पनीको प्रबन्धपत्रको दफा ६ मा कम्पनीको पुँजी संरचना निम्नानुसार रहेको छः

क) कम्पनीको अधिकृत पुँजी रु. १०,००,००,००,०००।- (दश अर्ब) । सो पुँजीलाई प्रति शेयर रु. १००।- का दरले १०,००,००,००० (दश करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

ख) कम्पनीको तत्काल जारी गर्ने पुँजी रु. ३,००,००,००,०००।- (तीन अर्ब) सो पुँजीलाई प्रति शेयर रु. १००।- का दरले ३,००,००,००० (तीन करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

ग) कम्पनीका संस्थापकले तत्काल चुक्ता गर्न कबोल गरेको पुँजी रु. ३,००,००,००,०००।- (तीन अर्ब) हुनेछ ।

**कम्पनीको हाल रहेको शेयर संरचना निम्नानुसार रहेको छः**

क) संस्थापक शेयरधनी समूह

नेपाल विद्युत प्राधिकरण - ६८%

ख) सर्वसाधारण शेयर समूह - ३२%

'ख' वर्गको सर्वसाधारण शेयर समूहको ३२% को संरचना निम्नानुसार रहेको छः

१. सर्वसाधारण नेपाली नागरिक र संस्था - १५%

२. आयोजना प्रभावित जिल्लावासी - १०%

३. लगानी कर्ता र कम्पनीका कर्मचारीहरू - ५%

४. अति विपन्न नागरिक सहिद तथा बेपत्ता नागरिकका परिवार तथा अपाङ्ग - २%

कम्पनीले निर्माण गर्ने दुधकोशी जलाशययुक्त जलविद्युत आयोजनाको वित्त व्यवस्थापनका लागि कुल अनुमानित लागत २,२०६ मिलियन अमेरिकी डलर लाग्ने देखिएको छ । आयोजना निर्माणको लागि वित्तीय व्यवस्थापन सहुलियत ऋण, व्यावसायिक ऋण तथा शेयर लगानीबाट गरिने छ। यस आयोजनाको निर्माणको लागि एसियाली विकास बैंक, विश्व बैंक, युरोपियन युनियन, युरोपियन इन्भेष्टमेन्ट बैंक, OPEC fund for international development (OFID), सार्क डेभलपमेन्ट फण्ड, जाइका नेपाल, नर्वेजियन फण्ड तथा अन्य विकास साझेदारहरूसँग लगानीको लागि छलफल भइरहेको छ ।

## २. कम्पनीको आ.व. २०७९/०८० को वित्तीय कारोबारको समीक्षा :-

आदरणीय शेयरधनी महानुभावहरू,

कम्पनीले आ.व. २०७९ जेठ १ गतेदेखि औपचारिक रूपमा कारोबार प्रारम्भ गरेको छ । कम्पनी स्थापना भएको ७ औं वर्षसम्म आयोजनाले गरेको क्रियाकलापलाई यस बिन्दुसम्म पुऱ्याउन विशेष योगदान गर्नु हुने सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव, नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, अर्थ मन्त्रालय, जिल्ला प्रशासन कार्यालयहरू, आयोजनास्थल रहेको गाउँ र नगर पालिकाहरू, ने.वि.प्रा. का उच्च व्यवस्थापनलगायत निर्देशनालय एवं विभागहरूबाट प्राप्त अमूल्य राय, सल्लाह, सुझाव र सहयोग तथा कर्मचारीहरूको योगदानको लागि विशेष धन्यवादसहित आभार प्रकट गर्न चाहन्छु ।

अब म आ.व. २०७९/०८० मा कम्पनीले गरेका उपलब्धीहरूको तुलनात्मक वित्तीय आँकडाहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**वित्तीय झलकहरू (Financial Highlights)**

| क्र.सं. | विवरण | असार मसान्त | | कैफियत |
|---|---|---|---|---|
| | | गत आ.व. २०७८/०७९ | चालू आ.व. २०७९/०८० | |
| १. | कुल सम्पत्ति / दायित्व | १,१०,२८,५२७।८५ | १,०७,४२,४२,५५७।६१ | |
| २. | शेयर पुँजी | १,१०,७३,२५०।०० | १,०८,०९,१५,५५५।९६ | |
| ३. | चालू दायित्व तथा अन्य व्यवस्था | ७,४३,६३४।- | १३,४२,६२९।५० | |
| ४. | स्थिर सम्पत्ति | ०० | ५०,५३९।२९ | |
| ५. | नगद तथा बैंक मौज्दात | १,१०,२८,५२७।८५ | १,३९,०२,८४४।३९ | |
| ६. | कुल व्याज आम्दानी | १८,५८२।८५ | ३७८,८९७।९८ | |
| ७. | खुद व्याज आम्दानी | | २९९,०३०।०१ | |
| ८. | सञ्चालन खर्च | ४८२,४८४।०० | ७६,०६,१६९।१८ | |
| ९. | आयकर अघिको नाफा नोक्सान | (४६३,९०१।१५) | (७२,२७,२७१।२०) | |
| १०. | आयकर व्यवस्था | | | |
| ११. | कुल नोक्सान | (४६३,९०१।१५) | (७२,२७,२७१।२०) | |

दुधकोशी जलविद्युत कम्पनी लिमिटेडको वित्तीय अवस्था सम्बन्धमा आ.व. २०७३/०७४ मा संस्थापक संस्था ने.वि.प्रा. बाट शेयर लगानीबापत प्राप्त रकम रु. १,१०,००,०००।- (एक करोड दश लाख मात्र) कम्पनीको खाता एभरेष्ट बैंकमा जम्मा भएको थियो । कम्पनीको आ.व. २०७८/०७९ को लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएबमोजिम शेयरमा calls in advance बापत रु. ७३,२५० लेखाङ्कन गरी जम्मा शेयर पुँजी रु. १,१०,७३,२५०।- कायम भएको छ । कम्पनीको आ.व. २०७९/०८० को सम्पन्न लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएबमोजिम दुधकोशी जलाशययुक्त जलविद्युत आयोजना विकास गर्दा लागेको खर्च शेयरमार्फत कम्पनीमा हस्तान्तरण गरी calls in advance शीर्षकमा रु. १,०८,०९,१५,५५५।९६ (एक अर्ब आठ करोड नौ लाख पन्ध्र हजार पाँच सय पचपन्न र पैसा छयानब्बे मात्र) लेखाङ्कन गरी शेयर पुँजी कायम भएको छ ।

## ३. कर्मचारी व्यवस्थापन :-

आ.व. २०७९/०८० मा कम्पनी/आयोजनामा नेपाल विद्युत प्राधिकरणबाट काजमा खटिएका १९ (उन्नाईस) जना कर्मचारीहरू कार्यरत रहेका थिए, जसको विवरण निम्नानुसार रहेको छः

| कर्मचारी | अधिकृत स्तर | | सहायक स्तर | | जम्मा |
|---|---|---|---|---|---|
| | प्राविधिक | प्रशासन | प्राविधिक | प्रशासन | |
| नेपाल विद्युत प्राधिकरणबाट काजमा खटिई आएको | ७ | ४ | ३ | ५ | १९ |
| जम्मा | ७ | ४ | ३ | ५ | १९ |

उपर्युक्त कर्मचारीहरू बाहेक आ.व. २०७९/०८० मा ८ जना अन्य कर्मचारीहरू (सवारी चालक र सहयोगी) ले पनि सेवा करार/ज्यालादारीको रूपमा कार्य गरेका थिए ।

## ४. विगत वर्षहरूमा भएका दुधकोशी जलाशययुक्त जलविद्युत आयोजनामा भएका कार्यहरूको सिंहावलोकन:-

सन् 1985 मा JICA द्वारा कोशी नदी बेसिन गुरुयोजना (Master Plan Study on Koshi River Basin) मा पहिचान भएको यो आयोजनाको सन् 1998 मा Canadian Consultant CIWEC मार्फत नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) ले सम्भाव्यता अध्ययन गरेको थियो । तत्पश्चात् सन् 2013 मा ने.वि.प्रा. आफैंले यसको थप Review Study गरेको थियो भने सन् 2014 मा JICA ले तयार गरेको Nationwide Master Plan Study on Storage–type Hydroelectric Power को प्रतिवेदनमा गरिएको मूल्याङ्कन अनुसार कार्यान्वयनमा लग्नु पर्ने जलाशययुक्त आयोजनाहरूमध्ये यस आयोजनालाई उच्च स्थानमा राखेको थियो ।

एसियाली विकास बैंक (ADB) को अनुदान सहयोग तथा नेपाल सरकार र नेपाल विद्युत प्राधिकरणको संयुक्त लगानीमा दुधकोशी जलाशययुक्त जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन र विस्तृत डिजाइन गरी बोलपत्र कागजात समेत तयार गर्ने परामर्श सेवाको लागि मिति 30 May 2016 मा परामर्शदाता M/S ELC Electroconsult S.p.A. (Italy) in association with NEWJEC Inc. (Japan) सँग भएको थियो । उक्त परामर्श सेवाको म्याद आगामी घज्ञ ब्ाथि दृण्द्द्ध सम्म थप गरिएको छ । हाल आयोजनाको सम्भाव्यता अध्ययन सम्पन्न भएको र विस्तृत डिजाइन अन्तिम चरणमा पुगेको छ ।

जलाशयले डुवान पार्ने क्षेत्र र आयोजनाको मुख्य संरचनाहरूको लागि आवश्यक जग्गाहरू प्राप्त गर्न जग्गा प्राप्ति ऐन, २०३४ अनुसार गोरखापत्र दैनिकमा गत २०७८ सालमा सूचना प्रकाशित गरिसकिएको छ ।

## ५. आयोजना कार्यान्वयनको अवस्था एवं हालसम्मको प्रगति :-

### ५.१ विस्तृत डिजाइन

परामर्शदाताले हालसम्म Detailed Design Report, Pre–Qualification Document, EIA Report, Terms of Reference (ToR) of IEE for Transmission Line आदिका मस्यौदा प्रतिवेदनहरू (Draft Reports) पेश गरेको छ । ती मस्यौदा प्रतिवेदनहरू उपर परामर्शदातासँग छलफल भइरहेको छ ।

त्यस्तै, ADB को समन्वयमा नर्वेजियन सरकारमार्फत विज्ञ समूह (Panel of Expert, PoE) पनि कार्यरत रहेको छ । उक्त PoE ले परामर्शदाता भित्र्‌ ले पेश गरेका डिजाइन प्रतिवेदनहरूउपर आफ्नो राय परामर्श दिइरहेको छ । PoE को सिफारिसअनुसार विद्युतगृह क्षेत्रमा थप भौगर्भिक अन्वेषण कार्यहरू सम्पन्न भएका छन् भने थप अपुग अन्वेषण कार्यहरू गर्ने तयारी पनि भइरहेको छ ।

परामर्शदाताले हालै निम्न प्रतिवेदनहरू पेश गरेको छ र सोउपर पुनरावलोकन गर्ने कार्य भइरहेको छ:

- Geology Report
- Quantity and Cost Estimate Report
- 400 kV Transmission Line Report
- Selection of Alternatives Report
- Tunnel Risk Analysis Report

## ५.२ बोलपत्र तयार गर्ने कार्य

परामर्शदाताले आयोजना निर्माणको लागि निम्न मुख्य प्याकेजहरूअनुसार अन्तर्राष्ट्रिय ठेकेदारहरूको पूर्वयोग्यता निर्धारणको लागि Draft Pre–Qualification Document पेश गरेको छ:

- Package 1AM Dam and Intake incl= Hydraulic Steel Equipment (EPC Model)
- Package 1BM Main Tunnel and Power House incl= Hydraulic Steel Equipment (EPC Model)
- Package 2M Electro–mechanical Works (Design, Supply, and Installation Model)
- Package 3M Transmission Line (Design, Supply, and Installation Model)

यसैबिच यस आयोजना निर्माणको लागि Contract type र Contract Packaging सम्बन्धमा परामर्शदाताको विज्ञहरूसँग छलफल भएको छ। आयोजनाको Package 1A / Package 1B को बोलपत्र FIDIC Conditions of Contract for Underground Works (2019 Emerald Book) अनुसार तयार गर्ने सम्बन्धमा आधादिने अन्तर्क्रिया कार्यक्रम समेत आयोजना गरिएको छ। तत्पश्चात् ADB लाई यस आयोजना निर्माणको लागि निम्नानुसार Contract type / Contract Packaging cjnDag गर्ने योजना रहेको सम्बन्धमा ब्म्द्य को प्रतिक्रिया प्रदान गर्न अनुरोध गरिएको छ:

| Package | Works | Contract Model |
|---|---|---|
| Package 1 | Dam and Intake incl. Hydraulic Steel Equipment | FIDIC Emerald Book |
| Package 2 | Main Tunnel and Power House incl. Hydraulic Steel Equipment | FIDIC Emerald Book |
| Package 3 | Electro–mechanical Works | FIDIC Yellow Book 2017 |
| Package 4 | Transmission Line | FIDIC Yellow Book 2017 |

त्यस्तै, परामर्शदाता ELC लाई यस आयोजनाको लागि लट/प्याकेजहरूको संख्या सिफारिस गर्न अनुरोध गरिएकोमा परामर्शदाताले सिभिल कार्यको लागि Single Package सहित जम्मा तीन वटा लट/प्याकेज सिफारिस गरेको छ।

ADB को सिफारिसअनुसार आयोजना निर्माणको लागि Contract type र Contract Packaging सम्बन्धमा सम्भावित वैदेशिक ठेकेदारहरूलाई निमन्त्रणा गरी शीघ्र :Market Sounding गर्ने र उपर्युक्त विषयमा निर्क्यौल गर्ने योजना रहेको छ।

## ५.३ वातावरणीय र सामाजिक अध्ययन कार्य

विद्युत विकास विभागमा मिति २०७९/१०/२३ मा Hydropower तर्फको Environmental Impact Assessment (EIA) स्वीकृतिको लागि पेश गरिएको थियो। साथै, ADB को Safeguard Policy Statement (SPS) बमोजिम समेत उक्त Hydropower तर्फको Environmental Impact Assessment (EIA) अद्यावधिक गर्ने कार्य भइरहेको छ।

सोही सन्दर्भमा ADB ले मिति 21 May देखि 5 June 2023 सम्म यस आयोजनाको Safeguard सम्बन्धी हालसम्मको कार्य प्रगति समीक्षाको लागि Safeguard Consultation Mission आयोजना गरेको थियो। सो Mission मा यस आयोजनाको वातावरणीय तथा सामाजिक अध्ययन कार्यमा संलग्न सबै विज्ञहरूसँग

छलफल/प्रस्तुतीकरण भएको थियो । उक्त Mission को Aid Memoire मा उल्लिखित विषयवस्तुहरूलाई सम्बोधन गर्दै ADB को Safeguard Policy Statement (SPS) बमोजिम विभिन्न वातावरणीय र सामाजिक अध्ययन कार्यहरूलाई ठोस कार्ययोजनासहित अघि बढाइएको छ । मिति २०८० भदौ ५ गते (22 August 2023) यस आयोजनाको EIA, IEE / Safeguard अध्ययन कार्यमा संलग्न सबै स्वदेशी विज्ञहरूलाई समावेश गरी एकदिने कार्यशाला गोष्ठी पनि आयोजना गरिएको थियो । सो गोष्ठीमा एक वर्षे कार्ययोजना (Action Plan) सहित विभिन्न ११ वटा कार्य समूहहरू (Working Groups) गठन गरिएको छ । आयोजनाको वातावरणीय अध्ययन कार्यअन्तर्गत दुधकोशी तथा सुनकोशीलगायतका नदीहरूमा Aquatic Biodiversity अध्ययनको सिलसिलामा दुधकोशी तथा सुनकोशी नदीको विभिन्न क्षेत्रमा Questionnaire Surveys सम्पन्न भएको छ ।

आयोजनाको वातावरणीय तथा सामाजिक कार्यान्वयन कार्यक्रम (Environmental and Social Implementation Program) सञ्चालन गर्न नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) को वातावरण तथा सामाजिक अध्ययन विभाग (Environment and Social Studies Department, ESSD) सँग मिति २०७८/०९/३० मा सम्झौता भई आयोजना निर्माणको पूर्व तयारीको सिलसिलामा गर्नुपर्ने वातावरणीय र सामाजिक सम्बन्धी जस्तैः Air, Noise and Water Quality Study, Fisheries Study, Facilitating for Land Acquisition, Project Information Disclosure Plan, Compensatory Tree Plantation Plan, Community Development Support Plan and Establishment of Environment and Social Unit आदि कार्यहरू भएको थियो ।

सोही कार्यहरूलाई निरन्तरता दिन मिति २०८०/०६/०१ मा वातावरणीय तथा सामाजिक कार्यान्वयन कार्यक्रमको Second Phase को कार्यहरू गर्न सम्झौता गरिएको छ ।

साथै, आयोजनाको लागि उपयोगी हुने ओखलढुङ्गा जिल्लाको चिसंखुगढी गाउँपालिकाको तल्लो भदौरेदेखि भोजे गाउँ हुँदै प्रस्तावित पुलसम्म जोड्नको लागि निर्माण गरिने Public Access Road (PAR#2) (लम्बाइ करिब ५ कि.मि.) तथा खोटाङ जिल्लाको हलेसी तुवाचुङ नगरपालिकाको धितुङस्थित भाडबेसीदेखि आयोजनाको प्रस्तावित विद्युतगृहको Tailrace सम्म निर्माण गरिने Public Access Road (PAR#7) (लम्बाइ करिब ५.५ कि.मि.) को निर्माण कार्य सुरु गर्नुअघि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्न आवश्यक तयारी भइरहेको छ । त्यस्तै, चालू आ.व. मा आयोजनाका अन्य PAR हरूको पनि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने योजना रहेको छ ।

आयोजना क्षेत्रका स्थानीय आदिवासी समुदायको Free, Prior and Informed Consent (FPIC) अन्तर्गत पहिलो चरणको Consultation Meeting सम्पन्न भएको छ ।

प्रसारण लाइनको Initial Environmental Examination (IEE) को परिमार्जित कार्यसूची प्रतिवेदन मिति २०८०/०९/०८ मा स्वीकृतिको लागि विद्युत विकास विभागमा पेश गरिएको छ ।

### ५.४ जग्गा अधिग्रहण

- आयोजना र यसको जलाशयले खोटाङ जिल्लाको दुइटा गाउँपालिकाहरू (रावा वेसी र ऐसेलुखर्क) र एउटा नगरपालिका (हलेसी तुवाचुङ) का १३ वडाहरू, ओखलढुङ्गा जिल्लाको एउटा गाउँपालिका (चिसंखुगढी) का ५ वडाहरू र सोलुखुम्बु जिल्लाको दुइटा गाउँपालिका (नेचासल्यान र थुलुङ दुधकोशी) का ३ वडाहरू प्रभावित हुनेछन् ।

- आयोजनाको निर्माणबाट ३,१३९ घरधुरी प्रभावित हुनेछन्, जसमध्ये २३८ घरधुरी पूर्ण र २,९०१ घरधुरी आंशिक रूपमा प्रभावित हुनेछन् । त्यस्तै, प्रसारण लाइनहरूको निर्माणबाट करिब ५२ घरधुरी प्रभावित हुनेछन् ।
- आयोजनाले प्रभावित गर्ने करिब ६५,००० रोपनी जग्गाहरूमध्ये करिब ३०,००० रोपनी (पहुँचमार्गहरूसहित) जग्गा अधिग्रहण गर्नुपर्ने देखिन्छ ।
- जग्गाको मुआब्जा निर्धारण कार्य अन्तर्गत मुआब्जा निर्धारण समितिद्वारा जग्गाको प्रारम्भिक मूल्याङ्कन गर्न गठित उपसमितिद्वारा प्रतिवेदन तयारी अन्तिम चरणमा रहेको छ ।
- आयोजना र एसियाली विकास बैंकका प्रतिनिधिद्वारा आयोजना प्रभावित जिल्लाहरूको प्रमुख जिल्ला अधिकारी, स्थानीय Stakeholder हरूसँग जग्गा अधिग्रहण तथा सो सम्बन्धमा एसियाली विकास वैंकको नीतिसम्वन्धी संयुक्त रूपमा परामर्श गरिएको छ ।

आयोजनाको जलाशयले डुवान पार्ने क्षेत्र र आयोजनाको मुख्य संरचनाहरूको लागि आवश्यक पर्ने जग्गाहरू प्राप्त गर्नको लागि जग्गा प्राप्ति ऐन, २०३४ अनुसार गोरखापत्र दैनिकमा सूचना प्रकाशन गरी ती जग्गाहरू रोक्का गरिएको छ । रोक्का भएका जग्गाहरूको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ (पहुँचमार्गहरूबाहेक) ।

| क्र.स. | जिल्ला | जग्गाको क्षेत्रफल | रोक्का मिति |
|---|---|---|---|
| १. | खोटाङ (जलाशय डुवान हुने क्षेत्र) | करिब १३,००० रोपनी | २०७८।०३।२३ |
| २. | खोटाङ (आयोजनाको संरचनाहरू) | करिब २,००० रोपनी | २०७८।११।२६ |
| ३. | ओखलढुङ्गा | करिब ८,००० रोपनी | २०७८।११।२३ |
| ४. | सोलुखुम्बु | करिब ७०० रोपनी | रोक्का गर्न बाँकी |
| | जम्मा | करिब २३,७०० रोपनी | |

### ५.५ प्रवेश मार्ग, पक्की पुल र अन्य पूर्वाधार निर्माणका कार्यहरू

राष्ट्रिय राजमार्गको सञ्जालबाट आयोजनाका मुख्य संरचनाहरू बाँध र विद्युतगृहस्थलसम्म पुग्नको लागि करिब ९३ कि.मि. लामो पहुँच सडकहरूको आवश्यक पर्छ, जसमध्ये केन्द्र, प्रदेश र स्थानीय सरकारहरूबाट करिब ७० कि.मि. सडकको ट्र्याक निर्माण भइसकेको छ । चालू आ.व. मा आयोजनाको प्रवेशमार्गको मर्मत तथा सुधार कार्यअन्तर्गत बिजुलेदेखि रबुवा (बाँधस्थल) सम्म करिब २० कि.मि. बाटोको मर्मत तथा सुधार कार्य भएको छ । परामर्शदाता (ChesCo -Chilime Engineering and Services Company Ltd.) सँग प्रवेश मार्गहरूको ९३ कि.मि. सडकखण्ड र भोजे गाउँनजिक एउटा पक्की पुलको डिजाइन गर्न मिति २०८०/०५/२४ मा सम्झौता सम्पन्न भएको छ । ChesCo ले पुलको Draft Design Report पेश गरिसकेको छ ।

बाँध निर्माण हुने स्थान खोटाङ जिल्लाको रबुवा बजारनजिक दुधकोशी नदीमा पक्की पुल नभएको हुनाले दुधकोशी नदी सवारी साधनबाट वारपार गर्न कठिन भएको, भोजे गाउँनजिक प्रस्तावित पक्की पुल निर्माण सम्पन्न गर्न दुई/तीन वर्ष लाग्ने भई लामीडाँडाबाट ओखलढुङ्गा जिल्लाको सदरमुकाम आवतजावत गर्न हिलेपानी भई जानुपर्दा सडक घुमाउरो र लामो हुने भएको, भविष्यमा बाँध निर्माणको समयमा रावा किनारपट्टि रहने कामदार हरूको आवास क्षेत्रबाट बाँधको दायाँ किनारपट्टि आवतजावत गर्न सहज पनि हुने भएकोले दुधकोशी नदी र रावा खोलामा अस्थायी रूपमा बेलीब्रिज (हरू) बनाउन आवश्यक देखिएकोले ChesCo सँग बेलीब्रिजहरूको डिजाइन गर्न मिति २०८०/०९/०८ मा सम्झौता सम्पन्न भएको छ ।

आयोजनाको साइट कार्यालय स्थापनाको लागि मिति २०७२/१२/२८ मा साविक खोटाङ जिल्ला विकास समितिको कार्यालयसँग भएको सम्झौताबमोजिम साविक लामिडाँडा गा.वि.स., वडा. नं, ७, हाल रावा बेसी गाउँपालिका वडा. नं. ३ लामिडाँडास्थित जग्गा र संरचना मिति २०८२/१२/२७ सम्म भाडामा लिने सम्झौता भएकोमा उक्त जग्गा थप २५ वर्ष अवधिको लागि नयाँ सम्झौता गर्न जिल्ला समन्वय समितिको कार्यालय खोटाङलाई अनुरोध गरिएको छ। थप अवधिको लागि सम्झौता हुनासाथ केही थप कार्यालय/आवासीय भवनहरू चालू आ.व. मा निर्माण गर्न सुरु गरिनेछ।

## ५.६ वित्तीय व्यवस्थापन

नेपाल सरकार, अर्थ मन्त्रालयको अनुरोधमा एसियाली विकास बैंक (ADB) ले वैदेशिक लगानीको लागि समन्वय गरिरहेको छ। मिति २०८० भदौ २६ गते (12 September 2023) माननीय अर्थ मन्त्रीज्यू, माननीय ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रीज्यू, अर्थ मन्त्रालय र ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका श्रीमान् सचिवज्यूहरूको उपस्थितिमा ADB लगायत Development Partner (DP) हरूसँग Consultative Meeting सम्पन्न भएको छ। धेरैजसो DP हरूबाट लगानीको लागि सकारात्मक कुरा आएको छ। सो बैठकमा ADB, WB, EU, EIB, SAARC DF, AIIB, Norwegian Embassy, JICA, OFID, Saudi Fund लगायतका DP हरूको प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । नेपालबाट पनि लगानी उठाउनु पर्ने रकमको हकमा नेपाली वित्तीय संस्थाहरू हाइड्रोइलेक्ट्रीसीटी इन्भेष्टमेन्ट एण्ड डेभेलपमेन्ट कम्पनी लिमिटेड (HIDCL), कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष लगायतका वित्तीय संस्थाहरूबाट पनि ऋण लगानीको लागि छलफल गर्ने योजना रहेको छ। उपर्युक्तअनुसार प्रक्रियाहरू अघि बढाई सन् 2024 को अन्त्यसम्ममा आयोजनाको लागि आवश्यक विदेशी र स्वदेशी लगानीको सम्पूर्ण वित्तीय व्यवस्थापन (Financial Closure) गर्ने लक्ष्य लिइएको छ।

## ६. आयोजना कार्यान्वयनमा देखिएका केही समस्या तथा चुनौतीहरू:

१. आयोजना निर्माणको लागि खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बु जिल्लाहरूमा करिब २३ हजार रोपनी निजी जग्गा आवश्यक पर्ने र स्थानीय तथा आयोजना प्रभावित जनसमुदायको मुआब्जामा अपेक्षा धेरै देखिएको हुनाले मुआब्जा निर्धारण गर्न केही कठिनाइ भइरहेको छ । साथै, जग्गा अधिग्रहण तथा मुआब्जा वितरणको लागि नेपाल सरकारबाट चालू आर्थिक वर्षमा बजेट विनियोजन नभएको हुनाले समेत मुआब्जा निर्धारण गर्न सकिएको छैन ।

२. दुधकोशी जलाशययुक्त जलविद्युत आयोजनाको ६०० मे.वा. विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रमा गुरुयोजनामा पहिचान भएका सुनकोशी १ जलाशययुक्त ज.वि.आ. तथा सुनकोशी कमला डाइभर्सन आयोजनाका लागि चाहिने र दुधकोशी नदीमा तत्तत् अवधिमा प्राकृतिक रुपमा उपलब्ध हुनसक्ने मात्राको पानी ती आयोजनाको प्रयोजनको लागि छोड्ने गरी आवश्यक संरचनाको अध्ययन र डिजाइन गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको र हाल जलस्रोत तथा सिंचाइ विभागअन्तर्गत सुनकोशी मरिण डाइभर्सन आयोजनाको निर्माण कार्य अघि बढिसकेको अवस्थामा सुनकोशी कमला डाइभर्सन आयोजनाको लागि दुधकोशी नदीबाट सुक्खायाममा उल्लेखनीय मात्रमा पानी छोड्नुपर्ने हुन्छ, जसले गर्दा दुधकोशी जलाशययुक्त जलविद्युत आयोजनाको सुक्खायामको ऊर्जा उत्पादन घट्ने देखिन्छ ।

३. ADB को Safeguard Policy Statement (SPS) बमोजिम विभिन्न वातावरणीय र सामाजिक अध्ययन कार्यहरूलाई ठोस कार्ययोजनासहित अघि बढाइएको र आगामी December 2024 भित्र सम्पन्न गर्ने लक्ष्य

गरिएको भएतापनि केही विषयगत अध्ययनहरू (Thematic Studies) विशेष गरेर Aquatic Biodiversity Study, E-flow, Cumulative Impact Assessment (CIA), Critical Habitat Assessment, FPIC/ IPP आदि कार्ययोजनामा उल्लिखित समयसीमाभित्र सम्पन्न गर्न चुनौती रहेको छ।

४. जलाशययुक्त जलविद्युत आयोजना अन्य जलविद्युत आयोजना भन्दा महँगो हुने हुँदा आयोजनालाई Financially Viable बनाएर निर्माणलाई आवश्यक पर्ने ठुलो लगानीको वित्तिय व्यवस्थापन समयमै सम्पन्न गर्न चुनौती रहेको छ।

## ७. सञ्चालक समिति :-

यस कम्पनीको नियमावलीको परिच्छेद ४ को नियम २७ मा कम्पनीमा ५ जनाको सञ्चालक समिति रहने व्यवस्था रहेको छ। संस्थापक शेयरधनी समूह (समूह क) ने.वि.प्रा. बाट ३ जना सञ्चालक, सर्वसाधारण शेयरधनी समूह (समूह ख) बाट १ जना सञ्चालक र स्वतन्त्र वा व्यावसायिक विशेषज्ञ १ जना सञ्चालक हुनेछन्। हाल यस कम्पनीमा प्राधिकरणबाट सञ्चालक समितिमा जम्मा ३ जना सञ्चालक सदस्यहरू रहेका छन्।

सञ्चालक समितिमा देहाय बमोजिमका सदस्यहरू रहनु भएको छः

| सि.नं. | नाम | पद | ठेगाना | अवधि (आ.व. २०७९/०८० को) |
|---|---|---|---|---|
| १. | श्री कुलमान घिसिङ | अध्यक्ष | ने.वि.प्रा. | २०७९।०४।०१ देखि २०८०।०३।३२ सम्म |
| २ | श्री लोकहरी लुइँटेल | सदस्य | ने.वि.प्रा. | २०७९।०४।०१ देखि २०८०।०३।३२ सम्म |
| ३ | श्री प्रदिप कुमार थिके | सदस्य | ने.वि.प्रा. | २०७९।०४।०१ देखि २०८०।०३।३२ सम्म |

## ८. कम्पनी सचिव :-

| सि.नं. | नाम | पद | ठेगाना | अवधि (आ.व. २०७९/०८० को) |
|---|---|---|---|---|
| १. | श्री रत्न कुमार श्रेष्ठ | कम्पनी सचिव | दुधकोशी | २०७९।०४।०१ देखि २०७९।१२।२९ |
| | | | ज.वि.क. | सम्म (९ महिना) |
| २ | श्री हरि ओम अर्याल | कम्पनी सचिव | दुधकोशी ज.वि.क. | २०८०।०२।२४ (४० दिन) |

आ.व. २०७९/०८० मा ५ पटक सञ्चालक समितिको बैठक बसेको थियो।

## ९. आन्तरिक नियन्त्रण प्रणाली :-

आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउन कम्पनीको आर्थिक विनियमावली, २०७८, कर्मचारी प्रशासन विनियमावली, २०७८, दैनिक भ्रमण भत्ता विनियमावली, २०७८ तयार गरी मिति २०७८।१०।११ को सञ्चालक समितिको ७ औं बैठकबाट स्वीकृत भइसकेको छ। त्यसैगरी लेखा परीक्षण समिति गठन र आन्तरिक लेखा परीक्षणको समेत स्वतन्त्र चार्टर्ड एकाउन्ट्स फर्मबाट गर्ने व्यवस्था मिलाइएको छ।

## १०. लेखा परीक्षण प्रतिवेदन उपर सञ्चालक समितिको प्रतिकृया :-

आ.व. २०७८/०७९ सम्म लेखा परीक्षण प्रतिवेदनमा औंल्याईएका अधिकांश कैफियतहरु सुधार भैसकेको तथा आ.व. २०७९/०८० को लेखा परीक्षण प्रतिवेदनमा उल्लिखित आंशिक कैफियत र सुझावहरूका सम्बन्धमा सञ्चालक समितिको ध्यानाकर्षण भएको छ। यस सम्बन्धमा आवश्यक सुधारका लागि कम्पनी प्रयत्नशील रहेको छ।

## ११. आ.व. २०८०/८१ को प्रस्तावित कार्यक्रमहरू:-

१. दुधकोशी जलाशययुक्त जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन र विस्तृत डिजाइन (Updated Feasibility Study and Detailed Design) कार्य अन्तर्गत PoE को सिफारिसअनुसार थप भौगर्भिक अन्वेषण शीघ्र सम्पन्न गरी विस्तृत डिजाइन सम्पन्न गर्ने ।

२. नेपाल सरकारको वातावरणसम्बन्धी ऐन, नियमावली र मार्गनिर्देशन तथा एसियाली विकास बैंक (ADB) को Safeguard Policy Statement अनुसार आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) र Safeguard सम्बन्धी अध्ययन कार्यहरू सम्पन्न गर्ने ।

३. आयोजना निर्माणको पुर्व तयारी कार्यहरूमा वातावरण तथा सामाजिक कार्यअन्तर्गत Public Awareness तथा Public Consultation लगायत अन्य वातावरण तथा सामाजिक अध्ययन कार्यहरूलाई निरन्तरता दिने ।

४. आयोजना निर्माणको लागि Contract Packaging र Contract Type निर्क्यौल गरी आयोजना निर्माणको लागि बोलपत्र तयार गर्ने । ADB बाट सहमति प्राप्त भएपछि विभिन्न प्याकेजहरूअनुसार मुख्य संरचनाहरूको निर्माण गर्न अन्तर्राष्ट्रिय ठेकेदारहरूको पूर्वयोग्यता निर्धारणको लागि सूचना तथा निर्माण सुपरिवेक्षणको लागि अन्तर्राष्ट्रिय परामर्शदाताहरूको संक्षिप्तसूची तयार गर्नको लागि सूचना प्रकाशन गर्ने ।

५. चालू आ.व. मा नेपाल सरकार र नेपाल विद्युत प्राधिकरणबाट कम्तीमा रु. ५ अर्ब रकमको व्यवस्थापन हुन सकेमा मुआब्जा वितरण कार्य प्रारम्भ गर्ने ।

६. ९३ कि.मि. प्रवेश मार्गहरू र एउटा मोटरेबल पक्की पुलको डिजाइन तथा सोको < सम्पन्न गरी चालू आर्थिक वर्षमा प्रवेशमार्गहरूको त्चबअप खोल्ने र स्तरोन्नति कार्य तथा उपर्युक्त पक्की पुलको निर्माण प्रारम्भ गर्ने ।

७. बाँधभन्दा उपल्लो क्षेत्रमा दुधकोशी नदी र रावा खोलामा अस्थायी रूपमा बेलीब्रिज (हरू) बनाउन निर्माण प्रारम्भ गर्ने ।

८. आयोजनाको साइट कार्यालय स्थापनाको लागि रावा बेसी गाउँपालिका वडा. नं. ३ लामिडाँडास्थित जग्गा र संरचना भाडामा लिन नयाँ सम्झौता गर्ने तथा सो स्थानमा केही कार्यालय/आवासीय भवनहरू चालू आ.व. मा निर्माण प्रारम्भ गर्ने ।

९. Detailed Design सम्पन्न गरी सन् 2024 को अन्त्य (२०८१ पुष) सम्ममा आयोजना निर्माणको लागि आवश्यक विदेशी र स्वदेशी पूँजीको वित्तीय व्यवस्थापन (Financial Closure) गर्ने।

१०. आयोजनाबाट उत्पादन हुने विद्युतको खरिद-बिक्री सम्झौता (PPA) को लागि नेपाल विद्युत प्राधिकरणको विद्युत व्यापार विभागसँग प्रारम्भिक छलफल सुरु गर्ने। आयोजनाको वित्तीय विश्लेषण (Financial Analysis) का आधारमा वार्ता गरी सन् 2024 को अन्त्य (२०८१ पुष) सम्ममा ने.वि.प्रा. सँग विद्युत खरिद-बिक्री सम्झौता (एएब) गर्ने।

## १२. कम्पनीको भावी योजना:-

आयोजनाको Updated Feasibility Study (February 2018) को प्रतिवेदनमा म्क त्यभ मा थप २०० मेगावाट सहित आयोजनाको कुल ८३५ मेगावाट क्षमता हुने गरी पनि अध्ययन भएको थियो । तर Detailed

Design को समयमा केवल ६३५ मेगावाट क्षमताको मात्र हुने गरी विद्युतगृह डिजाइन गरिएको थियो । विद्युत ऊर्जाको माग र आपूर्तिको दृष्टिकोणले सार्क क्षेत्रमा वर्षा याममा विद्युत निर्यात गर्न सकिने देखिएकोले यस दुधकोशी आयोजनाबाट पनि भविष्यमा थप विद्युत उत्पादन गर्नु आर्थिक रूपमा उत्तम हुने देखिन्छ । साथै, यस आयोजनाको पछिल्लो वातावरणीय अध्ययन (E–Flow Study) अनुसार Dam Toe विद्युतगृहको क्षमता वृद्धि भई ७० मेगावाटसम्म पुग्ने कुरा परामर्शदाता ELC ले जनाएको छ । तसर्थ, पहिलो चरणमा ६३५ देखि ६७० मेगावाटको विद्युत उत्पादन भएपछि दोस्रो चरणमा ५ देखि १० वर्षभित्र सोही बाँध र जलाशयको उपयोग गरी थप २०० मेगावाटको Dam Toe विद्युतगृहको निर्माण प्रारम्भ गर्ने गरी प्रक्रिया अघि बढाइने लक्ष्य लिइएको छ । दोस्रो चरणमा निर्माण गरिने सो आयोजनाको लागि समेत पुग्ने गरी केही संरचनाहरू जस्तैः इन्टेक, गेट स्याफ्ट, मुख्य सुरुङ र Surge Tank आदिको डिजाइन गरी पहिलो चरणमा नै निर्माण गर्न आवश्यक भएकोले सोको लागि परामर्शदातालाई अनुरोध गरिएको छ ।

## १३. कृतज्ञता तथा धन्यवाद ज्ञापनः

आयोजना निर्माणको लागि आवश्यक सहयोग पुऱ्याउँदै आउनु भएका श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, गृह मन्त्रालय, राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्र बैंक, विद्युत विकास विभाग, वन विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, सम्पूर्ण सुरक्षा निकायहरू, नेपाल विद्युत प्राधिकरण, आयोजना प्रभावित गाउँपालिका/नगरपालिका, जिल्लास्थित विभिन्न कार्यालयहरू, परामर्शदाता एवम् आयोजनासँग सम्बन्धित सबैलाई धन्यवाद दिन चाहन्छु । यस कम्पनीद्वारा प्रवर्धित दुधकोशी जलाशययुक्त जलविद्युत आयोजनाको जारी सम्भाव्यता अध्ययन तथा विस्तृत डिजाइन परामर्शसेवामा अनुदान सहयोग गर्ने दातृ संस्था एसियाली विकास बैंकलाई समेत धन्यवाद दिन चाहन्छु । साथै, आयोजनाको गतिविधि सर्वसाधारणसम्म पुऱ्याउन सहयोग गर्नुहुने सम्पूर्ण पत्रकार महानुभावहरू र सञ्चार क्षेत्रलाई समेत धन्यवाद दिन चाहन्छु ।

कम्पनीलाई सफल तुल्याउन निरन्तर लागिरहनु भएका प्रमुख कार्यकारी अधिकृतलगायत सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु । आगामी दिनहरूमा समेत यस कम्पनीबाट निर्माण हुन लागेको आयोजनालाई निर्धारित समयमा कार्य सम्पन्न हुने गरी सफल तुल्याउनका लागि सबै निकाय एवं आयोजना रहेको जिल्लाहरूको स्थानीयबासीबाट निरन्तर सहयोगको अपेक्षा राखेको छु। यस गरिमामय दोस्रो साधारण सभामा सञ्चालक समितिका तर्फबाट प्रस्तुत प्रतिवेदनहरूउपर घनिभूत छलफल गरी कम्पनीलाई लक्ष्य प्राप्त गर्न सक्षम बनाउन उपयुक्त सुझावहरू प्राप्त हुने अपेक्षासहित ती प्रतिवेदनहरू पारित गरिदिनुहुन यो सभासमक्ष अनुरोध गर्दछु ।

अन्त्यमा, शेयरधनी एवं सम्पूर्ण महानुभावहरूलाई कम्पनीप्रति देखाउनु भएको सहयोग, सद्भाव र विश्वासको निमित्त म वहाँहरूप्रति हार्दिक कृतज्ञता दिन चाहन्छु । साथै, आगामी दिनहरूमा पनि यसरी नै निरन्तर साथ र सहयोग दिनु हुनेछ भन्ने अपेक्षा व्यक्त गर्दछु ।

धन्यवाद !

**कुलमान घिसिङ**
अध्यक्ष
दुधकोशी जलविद्युत कम्पनी लिमिटेड

Chartered Accountants

DKMA
CHARTERED ACCOUNTANTS

# INDEPENDENT AUDITOR'S REPORT TO SHAREHOLDER's OF DUDHKOSHI JALVIDYUT COMPANY LIMITED

**Opinion**

We have audited the accompanying financial statements of **Dudhkoshi Jalvidyut Company Limited,** which comprise the Statement of Financial Position as at Ashad 31, 2080, (July 16, 2023), the Statement of Profit or Loss , the Statement of Changes in Equity and the Statement of Cash Flows for the year then ended on that date, and a summary of the significant accounting policies and other explanatory information (hereafter referred to as "the financial Statements").

In our opinion, the financial statements give a true and fair view in conformity with Nepal Financial Reporting Standards(NFRS):

a) in the case of the Statement of Financial Position, of the financial position of the **Dudhkoshi Jalvidyut Company Limited,** as at July 16, 2023;
b) in the case of the Statement of Profit or Loss (including other Comprehensive Income), of the financial performance for year ended on that date;
c) in the case of the Statement of Changes in Equity, of the changes in equity for the year ended on that date; and
d) in the case of the Statement of Cash flows, of the cash flows for the year ended on that date.

We conducted our audit of the financial statements in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those Standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of the Firm in accordance with the Handbook of The Code of Ethics for Professional Accountants issued by The Institute of Chartered Accountants of Nepal (ICAN), and we have fulfilled our other ethical responsibilities in accordance with the ICAN's Handbook of The Code of Ethics for Professional Accountants. We believe that the audit evidence we obtained is sufficient and appropriate to provide a basis for our opinion.

**Key Audit Matters**

Key audit matters are those matters that, in our professional judgement, were of most significance in our audit of the financial statements of the current period. During our audit of the financial statements, we observed that there were no key audit matters that are to be addressed in the context of our audit as a whole and would affect in forming our opinion thereon.

**Other Information**

Management is responsible for other information. The other information comprises the Chairman's statement and directors report, but does not include the financial statements and our auditors report thereon.

Our opinion on the financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the financial statements, our responsibility is to read the other information and, in doing so, consider whether the other information is materially inconsistent with the financial statements or our knowledge obtained in the audit or otherwise appears to be materially misstated. If, based on the work we have performed, we conclude that there is a material misstatement of this other information, we are required to report that fact. We have nothing to report in this regard.

D.K.M. & ASSOCIATES CHARTERED ACCOUNTANTS FIRM NO.

Registered Office: Ward: 23, Dhapakhel, Lalitpur, Nepal

## Report on Other Legal and Regulatory Requirements

i) We have obtained all the information and explanations, which to the best of our knowledge and belief were necessary for the purpose for audit.

iii) Financial statements are in agreement with the books of account maintained by the Firm.

iv) In our opinion and to the best of our information and according to the explanations given to…

the provision of law relating to accounts nor caused direct loss or damage to the firm deliberately or acted in a manner that would jeopardize the interest and security of the firm.

v) The operations of the firm were within its jurisdiction.

vi) We have not come across any fraudulence in the accounts, so far as it appeared from our examination of the book of accounts.

**For D.K.M. & Associates,**
Chartered Accountants

**CA Dipendra Kumar Mishra**
Proprietor

Place : Kathmandu
Date : 2080.08.01

**UDIN :** 231201CA007660wwiL

## Statement Of Financial Position

(Figures are in Nepali Currency)

| | Schedules | As at Ashadh 31, 2080 | As at Ashadh 32, 2079 |
|---|---|---|---|
| **Non Current Assets** | | | |
| Property, Plant and Equipment | 1 | 50,539.29 | - |
| Intangible Assets | | | - |
| Capital WIP | | 1,059,842,305.96 | |
| **Total Non Current Assets** | | [illegible] | |
| **Financial Assets:** | | | |
| Trade Receivables | | | |
| Cash and Cash Equivalents | 3 | 13,902,844.39 | 11,028,527.85 |
| Other Financial Assets | | - | - |
| **Non- Financial Assets:** | | | |
| Inventories | | - | - |
| Other Non Financial Assets | [illegible] | [illegible] | [illegible] |
| | | - | - |
| **Total Current Assets** | | **14,349,712.36** | **11,028,527.85** |
| **Total Assets** | | **1,074,242,557.61** | **11,028,527.85** |
| **EQUITY AND LIABILITIES** | | | |
| Share Capital | 4 | 1,080,915,55[illegible] | [illegible] |
| Other Equity | 5 | (8,015,627.35) | (788,356.15) |
| **Total Equity** | | **1,072,899,928.61** | **10,284,893.85** |
| **Liabilities** | | | |
| **Non Current Liabilities** | | | |
| **Financial liabilities** | | | |
| [illegible] | | | |
| **Non Financial liabilities** | | | |
| Deferred tax liabilities (Net) | | | - |
| **Total Non-Current Liabilities** | | - | - |
| **Current Liabilities** | | | |
| **Financial Liabilities** | | | |
| Short term Loan | 7 | - | |
| Trade and Other Payables | 8 | [illegible] | [illegible] |
| Other [illegible] | | [illegible] | [illegible] |
| **Non Financial liabilities** | | | |
| Other Non Financial Liabilities | | - | - |
| **Total Current Liabilities** | | **1,342,629.50** | **743,634.00** |
| **Total Liabilities** | | **1,342,629.50** | **743,634.00** |
| **Total Equity and Liabilities** | | **1,074,242,557.61** | **11,028,527.85** |

For & on behalf of the board

As per our attached report of even date

Hari Om Aryal [illegible] (Deputy Director/Secretary) | Bimal G[illegible] (CEO) | (Member,BOD) | (Member,BOD) | (Chairman)

Proprietor
D.K.M. & Associates

**Statement Of Profit & Loss**

**For the year ended Ashadh 31, 2080**

**(Figures are in Nepali Currency)**

| | | | |
|---|---|---|---|
| **Income** | | | |
| Sales Revenue | | - | - |
| Other Income | | 378,897.98 | 18,582.85 |
| **Total (A)** | | **378,897.98** | **18,582.85** |
| | | | |
| **Expenses** | | | |
| Office Operating Expenses | 10 | 7,606,141.47 | 482,484.00 |
| Repair and Maintenance Expenses | | - | - |
| Depreciation | 1 | 27.71 | - |
| **Profit before provision for Employee Bonus(C= A-B )** | | **(7,227,271.20)** | **(463,901.15)** |
| Provision for Employee Bonus | | | |
| **Operating Profit ( E= C-D )** | | **(7,227,271.20)** | **(463,901.15)** |
| **Profit after Tax** | | **(7,227,271.20)** | **(463,901.15)** |

*For & on behalf of the board*

As per our attached report

## Cash Flow Statement

**For the year ended Ashadh 31, 2080**

(Figures are in Nepali Currency)

| | As at Ashadh 31, 2080 | As at Ashadh 32, 2079 |
|---|---|---|
| Net Profit before Taxation | (7,227,271.20) | (463,901.15) |
| Add: Depreciation | - | - |
| Add: Borrowing Costs | - | - |
| Cash flow from Operations before adj[illegible] | [illegible] | [illegible] |
| Cash[illegible] | | |
| [illegible] | [illegible] | - |
| Increase/(Decrease) in Currrent Liabilities | 598,995.50 | 482,484.00 |
| Income Tax Paid | - | - |
| Financial St[illegible] | [illegible] | 18,[illegible] |
| Sale/(Purchase) of Fixed Assets | (1,059,892,845.25) | - |
| Sale/(Purchase) of Investments | - | - |
| [illegible] | [illegible] | |
| Cash flow fro[illegible] | | |
| Increase/(Decrease) in Borrowings | - | - |
| Increase/(Decrease) in Advances from Proprietor's | - | - |
| Borrowing Costs Paid | - | - |
| Dividend Paid | - | - |
| **Cash flow from Financing Activities** | **1,069,842,305.96** | **-** |
| **Cash flow from All Activities** | 2,874,317.04 | 18,582.85 |
| **Opening Cash Balance** | 11,028,527.85 | 11,009,945.00 |
| **Closing Cash Balance** | **13,902,844.89** | **11,028,527.85** |

For & o[illegible]

As per our attached report

of even date

| | | | | | |
|---|---|---|---|---|---|
| [illegible] | [illegible] | [illegible] | [illegible] | Kulman Ghising | CA Dipendra Kumar Mishra |
| (Deputy Director/C.Secretary) | (CEO) | (Member,BOD) | (Member,BOD) | (Chairman) | Proprietor |
| | | | | | D.K.M. & Associates |
| | | | | | [illegible] |

**Dudhkoshi Ja[illegible]dyut C[illegible]y Limited**
**Ka[illegible]mandu,**

**Statemen[illegible]f Chan[illegible]uity**
**As on Ashad[illegible]l, 2080 [illegible] 2023)**

| | | [illegible]hare Capita[illegible] | Share Premiu[illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | To[illegible] |
|---|---|---|---|---|---|---|---|---|
| [illegible] | | 11,073,25[illegible]00 | - | [illegible] | [illegible] | 88[illegible] | [illegible] | 1[illegible] |
| [illegible] | | [illegible]069,842,305[illegible]96 | | [illegible] | [illegible] | [illegible] | [illegible] | 6[illegible] |
| [illegible]i[illegible] from Income Statement | | [illegible] | | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| [illegible] | | [illegible] | - | [illegible] | [illegible] | 27[illegible] | [illegible] | ([illegible] |
| Trasferred[illegible] Reserve | | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| Dividend F[illegible] | | [illegible] | [illegible] | [illegible] | - | [illegible] | [illegible] | - |
| **Total** | | **1,080,915,555.96** | **-** | **-** | **-** | **(8,015[illegible]** | [illegible] | **1,07[illegible]28.61** |

## Dudhkoshi Jalvidyut Company Limited

Kathmandu, Nepal

Schedules to and forming part of financial statements

[redacted]ant & Equipments (PPE)

Standalone
Fig. in NPR

| Particulars | Building Structure | Work in Progress | Furnitures & Fixtures | Computer & Accessories | Office Equipments | Plant & Machineries | Office Vehicles | Heavy Equipments | Total |
|---|---|---|---|---|---|---|---|---|---|
| **Cost:** | | | | | | | | | |
| **As on Shrawan 01, 2079** | - | | | | | | | | - |
| Addition during the Year | | | | | | | | | - |
| Acquisition | | | | | 50,567 | | | | 50,567 |
| Capitalization | | | | | | | - | - | - |
| Disposal during the year | | | - | - | - | - | | | - |
| Adjustment/Revaluation | | | - | - | - | - | - | | - |
| **As on Ashad End 2080** | - | | - | - | 50,567 | - | - | - | 50,567 |
| | | | | | | | | | |
| **Depreciation and Impairment:** | | | | | | | | | |
| **As on Shrawan 01, 2079** | - | | | | | | | | - |
| Depreciation charge for the Year | | | | | 27.71 | | | | 28 |
| Impairment for the year | | | | | | | | | - |
| Disposals | | | | | | | | | - |
| Adjustment | - | | - | - | - | - | - | | - |
| **As on Ashad End 2080** | - | | - | - | 28 | - | - | - | 28 |
| | | | | | | | | | |
| **As on Ashad End 2079** | | | - | - | - | | - | - | - |
| **As on Ashad End 2080** | | | | | | | | | - |
| | | | | | | | | | |
| **Net Book Value** | | | | | | | | | |
| **As on Ashad End 2079** | - | | - | - | - | - | - | | - |
| **As on Ashad End 2080** | - | | - | - | 50,539 | - | - | - | 50,539 |

**Schedules to and forming part of financial statements**

| | As at Ashadh 31, 2080 | As at Ashadh 32, 2079 |
|---|---|---|
| **Schedule 2 - Non Financial Assets** | | |
| Employee Loan and Advance | 446,867.97 | - |
| **Total** | 446,867.97 | - |
| **Schedule 3 - Cash and Cash Equivalents** | | |
| Cash in Hand | | - |
| Bank Balance | 13,902,844.39 | 11,028,527.85 |
| **Total** | 13,902,844.39 | 11,028,527.85 |
| **Schedule 4 - Share Capital** | | |
| **Authorised Share Capital** | 10,000,000,000.00 | 10,000,000,000.00 |
| **(10,00,00,000 Ordinary Shares of Rs 100 each)** | | |
| **Issued Share Capital** | 3,000,000,000.00 | 50,000,000.00 |
| **(3,00,00,000 Ordinary Shares of Rs 100 each)** | | - |
| **Partly Paid up Capital** | 11,000,000.00 | 11,000,000.00 |
| Calls In Advance | 1,069,915,555.96 | 73,250.00 |
| | 1,080,915,555.96 | 11,073,250.00 |
| **Schedule 5 - Other Equity** | | |
| Opening Balance | (788,356.15) | (324,455.00) |
| Net Profit during this year | (7,227,271.20) | (463,901.15) |
| **Total** | (8,015,627.35) | (788,356.15) |
| **Schedule 6 - Secured Medium & Long Term Loan** | | |
| Loan from Bank and financial Institution | - | - |
| **Total** | - | - |
| **Schedule 7 - Short term Loan** | | |
| Bank Overdraft | - | - |
| **Total** | - | - |
| **Schedule 8 - Trade and Other Payables** | | |
| Audit Fee Payable | 161,675.00 | 55,750.00 |
| Tax Deduction at Source (TDS) | 13,875.00 | 10,200.00 |
| Dudhkoshi Jalvidyut Project | 677,684.00 | 677,684.00 |
| Current Liabilities | 489,395.50 | |
| **Total** | 1,342,629.50 | 743,634.00 |

Schedules to and forming part of financial statements

| | As at Ashadh 31, 2080 | As at Ashadh 32, 2079 |
|---|---|---|
| **Schedule 9 - Office Operating Expenses** | | |
| Allowance and Facialities | - | 350,784.00 |
| Audit Fee | 90,400.00 | 28,250.00 |
| Audit Fee Expenses | - | 22,600.00 |
| Bank Charge | - | - |
१. **सामान्य जानकारी**

देशमा जलाशययुक्त जलविधुत आयोजना निर्माण र व्यवस्थापनलाई अझ प्रभावकारी वनाउने उद्देश्यले वि.सं.२०७३।११।२०मा कम्पनी ऐन २०७३ अनुरुप दुधकोशी जलविधुत कम्पनी लिमिटेडको स्थापना भएका छ ।

२. **वित्तीय विवरणमाथिको उत्तरदायित्व**

वित्तीय विवरणमाथिको उत्तरदायित्व संस्थाको व्यवस्थापन तथा सञ्चालक समितिमा निहित रहेको छ । संलग्न वित्तीय विवरणहरु संस्थाको सञ्चालक समितिको बैठकबाट स्वीकृत भएको छ । प्रस्तुत वित्तीय विवरणहरु संस्थाको अविच्छिन्न सञ्चालन (Going Concern Assumption) मान्यताको आधारमा तयार पारिएको छ ।

३. **वित्तीय विवरण तयारीका आधारहरु**

संस्थाको आर्थिक विवरणहरु ऐतिहासिक लागत अवधारणा (Historical Cost Concept) अनुरुप अन्यथा उल्लेख भएकोमा वाहेक प्रोद्भावी आधारमा तयार गरिएको छ । संलग्न वित्तीय विवरणहरु लेखाको सर्वमान्य सिद्धान्त तथा प्रचलन अनुसार तयार पारिएका छन् । वित्तीय विवरण तयार पार्दा लेखा सिद्धान्तमा आधारित रहेर केही अनुमानहरु गर्नुपर्ने तथा लेखा नीतिहरु लागू गर्ने क्रममा व्यवस्थापनपक्षले स्वविवेकको समेत प्रयोग गर्नुपर्ने हुन्छ । यस वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले गरेका लेखा अनुमानहरु विवेकसम्मत र उचित रहेको कुरामा व्यवस्थापन विश्वस्त छ । लेखा अनुमानहरु तत्कालीन अवस्थाको यथोचित विश्लेषण अनुरुप निर्धारण गरिने भएकोले भविष्यको परिणाम फरक पर्न सक्ने हुन्छ । लेखा अनुमानमा भविष्यमा हुने परिवर्तनहरु प्रचलित लेखामान अनुरुप तत्काल तथा त्यसपछिको अवधिमा Prospectively समायोजन गरिन्छन् । स्वविवेक तथा अनुमानहरु समयसापेक्ष तथा उचित रहिरहुन् भनेर नियमित रुपमा पूनरावलोकन गरीएका छन ।

४. **प्रमुख लेखा नीतिहरु** (Principle Accounting Policies):

संस्थाको वित्तीय विवरणहरु तयार गर्दा आधार लिईएका लेखा नीतिहरु तल उल्लेख गरिएको छ । अन्यथा उल्लेख गरिएको अवस्थामा वाहेक अटुट रुपमा नीतिहरुको पालना गरिएको छ ।

४.१ **जेथा (Equity)**

सम्पत्तिवाट सम्पूर्ण दायित्व घटाए पश्चात् बाँकी रहने शेयरधनी सदस्यको स्वार्थ नै जेथा (Equity) हो । यस अन्तर्गत शेयरधनी सदस्यले लगानी गरेको शेयर रकम, सञ्चित मुनाफा तथा सञ्चित मुनाफावाट विनियोजन गरिएको जगेडा कोषहरु पर्दछन् ।

४.२ **सम्पत्तिहरु**

सम्पत्ति भन्नाले विगतका घटनाक्रमहरुले गर्दा निकायको नियन्त्रणमा आएको त्यस्ता आर्थिक श्रोतहरुलाई जनाउँछ जसको उपयोग बाट निकायले भविष्यमा आर्थिक लाभ प्राप्त गर्नसक्ने सम्भावना आङ्कलन गरेको हुन्छ । वासलात मितिमा कम्पनीको नियन्त्रणमा रहेको तथा भविष्यमा आर्थिक लाभको आङ्कलन गरिएको नगद, बैंक खाता, लगानी, कर्जा तथा सापटी, स्थिर सम्पत्ति लगायतका सम्पूर्ण सम्पत्तिहरुलाई कम्पनीको वासलातमा समावेश गरिएको

M.R.S. & Associates Kathmandu Chartered Ac

दुधकोशी जलबिद्युत कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

**प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु** **अनुसुची ७**

### ४.२.१ स्थिर सम्पत्ति

**(क)प्रारम्भिक मूल्याङ्कन**

स्थिर सम्पत्तिहरु लागत अवधारणामा आधारित रही लागतमा सञ्चित ह्रास कट्टी रकम तथा impairment loss घटाई वासलातमा प्रस्तुत गर्ने नीति लिइएको छ । स्थिर सम्पत्तिको लागतलाई देहायका दुई अवस्था पूरा गरेको खण्डमा मात्र सम्पत्तिको रुपमा लेखाङ्कन गर्ने नीति लिइएको छ :

क) त्यस सम्पत्तिसँग सम्बन्धित भविष्यमा प्राप्त हुने आर्थिक लाभहरु कम्पनीलाई प्राप्त हुने यकिन आधार भएमा, र

ख) त्यस सम्पत्तिको लागत एकिन भएमा

स्थिर सम्पत्तिको निर्माण वा खरीदको अवस्थामा खरीद मूल्य तथा सोमा लागेको प्रत्यक्ष खर्चहरु जोडी मूल्यांकन गरिएको छ ।

स्थिर सम्पत्तिको विक्री वा अपलेखनवाट नोक्सान भएमा अपलेखन खर्च शीर्षकमा र फाईदा भएमा विविध आम्दानी शीर्षकमा लेखाङ्कन गरिएको छ ।

**(ख) सुरुवाति लेखाङ्कन पछि गरिने खर्चहरु (subsequent costs)**

स्थिर सम्पत्तिको सुरुवाति लेखाङ्कन पछि गरिने खर्चहरु (subsequent costs) लाई स्थिर सम्पत्तिको पहिचान गर्ने मापदण्ड पूरा गरेको अवस्थामा मात्र सम्पत्तिको रुपमा पहिचान गरिन्छ । सम्पत्तिमा पहिचान गर्न मापदण्ड पूरा नगर्ने त्यस्ता खर्चहरुलाई नाफा नोक्सान हिसावमा खर्च लेखाङ्कन गरिन्छ ।

### ४.२.२ लगानी

नियमित रुपमा व्याज तथा लाभांश आर्जन गर्ने वा विक्रि गरी पूँजीगत लाभ आर्जन गर्ने उद्देश्य राखी धारण गरिएको बैंकमा राखिएका मुद्धति निक्षेपहरु, संगठित संस्थाको शेयरहरु लगायतका उपकरणहरुलाई वासलातमा “लगानी” शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ । लगानी उपकरणहरुलाई लागत मूल्यमा खरीद गर्दा वेहोरेको खर्च समेत समावेश गरी गणना गरिएको हुन्छ । कम्पनीले गरेको लगानीलाई देहायमा उल्लिखित तीनवटा वर्गमा विभाजित गरेको छ ।

**(क) भुक्तानी मितिसम्म धारण गर्ने लगानी (Held To Maturity Investments)**

भुक्तानी मितिसम्म धारण गर्ने प्राथमिक उद्देश्य सहित यस्ता लगानीहरु गरिएका हुन्छन् र यसलाई लागत मूल्यका आधारमा भुक्तानी मितिसम्म नै वासलातमा देखाइएको हुन्छ ।

**(ख) व्यापारिक लगानी (Held For Trading Investments)**

यी लगानीहरु वजारमा विक्री योग्य लगानी हुन् र छोटो समयावधिमा विक्री गरि पूँजिगत लाभ आर्जन गर्ने मुख्य उद्देश्य सहित धारण गरिएका हुन्छन् । यी लगानीहरुलाई शुरुमा लागत मूल्यका आधारमा गणना गरी तत्पश्चात् वजार मूल्यका आधारमा गणना गरिन्छ । कारोवार तथा पुनर्मूल्याङ्कनवाट सिर्जित लाभ वा हानीलाई नाफा-नोक्सान हिसाव खातामा लेखाङ्कन गरिन्छ ।

M.R.U. & Associates Kathmandu Chartered Accountants

दुधकोशी जलबिद्युत कम्पनी लिमिटेड
काठमाडौं, नेपाल

**प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु** **अनूसुची ७**

**(ग) बिक्रीको लागि उपलब्ध लगानी (Available For Sale Investments)**

यी लगानीहरु भुक्तानी मिति सम्म धारण गर्ने लगानी तथा व्यापारिक लगानी वाहेकका लगानीहरु हुन् । यी लगानीलाई शुरुमा लागत मूल्यका आधारमा गणना गरी तत्पश्चात् बजार मूल्यका आधारमा गणना गरिन्छ । मूल्यमा हुने उतारचढावका कारण लगानी अवधिसम्ममा सिर्जित लाभ वा हानीलाई सिधै **लगानी समायोजन कोषमा** लेखाङ्कन गर्ने गरिन्छ र यस्ता उपकरण विक्री गरेको वखत नगदमा आधारित भई लाभ वा हानीलाई आय व्यय हिसाव खातामा प्रस्तुत गरिन्छ । वजार मूल्य निर्धारण गर्ने समयमा धितोपत्र वजारमा भएको कारोबार गतिविधिलाई ध्यानमा राखिन्छ । धितोपत्र वजारमा सूचीकृत भएका तर सक्रिय रुपमा खरिद विक्री नभएका लगानीहरुको गणना लागतमा गरिन्छ ।

**४.२.३ अन्य सम्पति**

अन्य सम्पत्ति अन्तर्गत अग्रिम भुक्तानीहरू, पेश्की तथा पाउनुपर्ने हिसावहरू लेखांकन गर्ने गरिएको छ ।

**(क) मौज्दात**

संस्थाले खरिद गरेको सवै किसिमको स्टेशनरी, छपाई तथा अन्य विविध सामाग्रीहरुलाई खपतको आधारमा FIFO (First In First Out) प्रणालीवाट हुन आउने रकम खर्च लेखी मौज्दात रहेकोलाई अन्य सम्पत्तिमा देखाईएको छ ।

**(ख) अग्रिम भुक्तानी (Prepayments)**

भविष्यमा प्राप्त गरिने सेवाहरु जस्तै वीमा, भवनको वहाल, सञ्चार सेवा, करार अन्तर्गतका मर्मत सम्भार सेवा र अन्य विविध सेवाहरुको आपूर्तिका लागि तथा अग्रिम रुपमा भुक्तानी गरिने रकम नै अग्रिम भुक्तानी हो । अग्रिम भुक्तानी गरिएको रकमलाई भुक्तानी मितिमा पूर्णमूल्यमा सम्पत्तिका रुपमा लेखाङ्कन गरिन्छ र सेवाको आपूर्ति भएको मितिमा वा सेवाको समयावधि समाप्त भएको मितिमा नाफा नोक्सान हिसावमा खर्च जनाईन्छ ।

**४.३ दायित्व तथा व्यवस्थाहरु**

कम्पनीको दायित्व तथा व्यवस्थाहरु अन्तर्गत सापटीहरु, निक्षेपहरु, कर दायित्वहरु,सम्भावित कर्जा नोक्सानी व्यवस्था, विविध साहुहरु तथा अन्य दायित्वहरु पर्दछन् ।

अन्य वक्यौता खर्चहरु जसको भुक्तान समय तथा भुक्तान गर्नुपर्ने रकम यकिन हुँदैन जस्तै व्यवसायिक सेवा खर्च, संचार खर्चहरु इत्यादि, त्यस्ता अन्य वक्यौता खर्चहरु विगतको खर्च तथा उपभोगको मात्रा, दोस्रो पक्ष सँगको समझदारि आदिको आधारमा अनुमान गरेर लेखाङ्कन गरीएको छ । यस्ता खर्चहरु विजकको प्राप्ति वा विलका आधारमा पछि फर्छ्यौट गरीने गरिन्छ ।

**(ग) आयकर तथा अन्य कर दायित्व**

कम्पनीको आयकर दायित्व आयकर ऐन २०५८ ले निर्दिष्ट गरे वमोजिम व्यवस्था गरिएको छ । चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफावाट तिर्नुपर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर (तथा कर सम्वन्धी कानून) वासलात मितिमा लागू भएका दर हुन् । सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८

दुधकोशी जलबिद्युत कम्पनी लिमिटेड

काठमाडौ, नेपाल

**प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु** **अनुसुची ७**

(संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधारमानी गणना गरिन्छ । अन्य कर दायित्वमा आयकर ऐन २०५८ ले निर्दिष्ट गरे बमोजिम विभिन्न भुक्तानीमा गरिएको कर कट्टी रकम समाविष्ट छ ।

**४.४ सम्भावित दायित्वहरु**

सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गरिएका छन् ।

विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता संभावित दायित्वहरु जसको अस्तित्व भविष्यका एक वा एकभन्दा बढी अनिश्चित घटनाक्रमहरुले निर्क्यौल गर्नेछ, जुन कम्पनीको नियन्त्रणभन्दा बाहिर रहेको हुन्छ वा विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएका दायित्वहरु ।

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको,
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको ।

यस आर्थिक वर्षको अन्त्यमा त्यस्तो कुनै सम्भावित दायित्वहरु रहेको छैन ।

**४.५ वासलात मिति पछिका घटनाहरु**

वासलात मिति पछिका घटनाहरु त्यस्ता अनुकुल वा प्रतिकुल घटनाहरु हुन्, जुन वासलात मितिदेखि वित्तीय विवरण जारी गर्नकालागि अनुमोदन गरिएको मितिका बीच घटित हुन्छन् । यस परिप्रेक्षमा वासलात मिति पश्चात घटित सबै सारभूत तथा महत्वपूर्ण घटनाहरुलाई ध्यान दिईएको छ । वासलात मिति पश्चात वित्तीय विवरणमा समायोजन गर्नुपर्ने वा प्रस्तुत गर्नुपर्ने गरी कुनैपनि घटनाहरु सिर्जना भएका छैनन् ।

**४.६ आयको लेखाङ्कन**

आर्थिक वर्षको कार्यसम्पादनका दौरान सम्पत्तिमा वृद्धि वा दायित्वमा कमी भई शेयर सदस्यहरुको जेथाको वृद्धि गराउने आय, शुल्क, सम्पत्ति तथा दायित्वको निसर्गबाट प्राप्त लाभ इत्यादि शिर्षकहरुलाई सो वर्षको आयमा लेखाङ्कन गरिन्छ ।

**४.७ खर्चको लेखाङ्कन**

आर्थिक वर्षको कार्यसम्पादनका दौरान दायित्वमा वृद्धि वा सम्पत्तिमा कमी भई शेयर सदस्यहरुको जेथामा ह्रास आउने कर्मचारी खर्च, कार्यालय संचालन खर्च, इत्यादि शिर्षकहरुलाई सो वर्षको नाफा नोक्सान हिसावमा खर्च लेखाङ्कन गरिन्छ ।

**४.७.१ कर्मचारी तथा अन्य सञ्चालन खर्च**

कर्मचारीको तलव, भत्ता लगायतका सुविधाहरू र कार्यालय सञ्चालन सम्वन्धी खर्चहरू प्रोदभावी (Accrual) आधारमा लेखाङ्कन गर्ने गरी आर्थिक वर्षको अन्त्यमा भुक्तानी गर्न बाँकी खर्चको सम्वन्धित शीर्षकमा खर्च जनाई दायित्वको व्यवस्था गरिएको छ ।

कम्पनीको कर्मचारीहरुबाट प्राप्त गरेको सेवा बापत व्यहोर्नु पर्ने सबै किसिमका व्ययलाई कर्मचारी खर्च मानिएको छ । कर्मचारी खर्चमा तलब, भत्ता,कर्मचारी सुविधा सम्बन्धका खर्चहरू, नाफामा आधारित बोनस, सञ्चय कोष आदि खर्चहरू समाविष्ट छन्।

M.P.U. & Associates, Chartered Accountants, Kathmandu

दुधकोशी जलबिद्युत कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

**प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु** **अनूसुची ७**

श्रम ऐन २०७४ बमोजिम संचित विदा वापतको व्यवस्था, कर्मचारी उपदान वापतको व्यवस्था, कर्मचारीको लागि व्यक्तिगत दुर्घटना तथा औषधोपचार विमा खर्चको व्यवस्था गरिएको छैन ।

**४.७.२ ह्रासकट्टि तथा प्रतिशोधन खर्च (Amortization) खर्च**

स्थिर सम्पत्तिहरुमा घट्दो शेष प्रणाली अनुसार आयकर ऐन २०५८ ले निर्दिष्ट गरेको दर र पद्धति अनुरुप ह्रासकट्टि गर्ने नीति लिइएको छ । यस्तो नीति नेपाल लेखामान १६ "Property, Plant & Equipment" ले निर्धारण गरेको मान्यता अनुरुप छैन जसले सम्पत्तिको उपयोगी आयुको आधारमा व्यवस्थित तरीकाले ह्रासकट्टि गर्नु पर्ने कुरा निर्दिष्ट गर्दछ ।

कम्प्यूटर सफ्टवेयर लगायतका अन्य अदृष्य सम्पत्तिहरु (Intangible Assets) प्रयोगमा आएको मितिले प्रत्येक वर्ष २० प्रतिशतका दरले खर्च लेखाङ्कन गर्ने नीति लिईएको छ ।

**४.७.३ आयकर खर्च**

आयकर खर्चमा यस वर्षको कर व्यवस्था तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ ।

**५. लेखा सम्बन्धि टिप्पणीहरु**

**५.१ शेयर पूँजी**

कम्पनीको यस वर्षको शेयर पूँजी रु. ७३,२५०।- रहेको छ । गत वर्षको तुलनामा यस वर्ष रु. ७३,२५०।- ले शेयर पूँजी वढेको छ ।

**५.२ जगेडा तथा अन्य कोषहरु**

कम्पनीको यस वर्षको अन्त्यमा जगेडा तथा अन्य कोषमा जम्मा रु.(९१,५००।-) रहेको छ ।

**५.३ आयकर व्यवस्था**

यस आर्थिक वर्षमा कम्पनी नोक्सानी भएकोले आयकर व्यवस्था गरिएको छैन ।

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(सार्वजनिक संस्थान लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या: २०७७/७८
चलानी नम्बर: ८२

मिति: २०७७/७/२५

श्री अध्यक्षज्यू,
दुधकोशी जलबिधुत कम्पनी लिमिटेड,
काठमाण्डौ, नेपाल ।

**विषयः स्वतन्त्र लेखापरीक्षण प्रतिवेदन।**

**लेखापरीक्षकको राय**

हामीले दुधकोशी जलबिधुत कम्पनी लिमिटेडको यसैसाथ संलग्न २०७५ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण र तत्सम्बन्धि लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित व्यहोराले पार्न सक्ने असर बाहेक दुधकोशी जलबिधुत कम्पनी लिमिटेडको २०७५ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाहको विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरणको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम सहि र यथार्थ चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

सरकारी कम्पनीलाई २०७३/७४ बाट लागु हुने गरि प्रभावकारी वित्तीय रिपोर्टिङ रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरेको छ। तर संलग्न गरिएको २०७४/७५ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान अनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमको त्रुटीरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक प्रणालीको तर्जुमा गर्ने, कार्यान्वन र संचालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापन र लेखानीतिहरुको छनोट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्यहरु पर्दछन्।

वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवासायको बिशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नता संगै जानकारीहरुको खुलासा गर्ने दायित्व व्यवास्थापनमा रहेको छ। संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ।

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्समा पुगी मनासिव आश्वासन प्राप्त गरि आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन। त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धि अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको त्रुटी पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटिको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मुल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेस हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानआकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढांचा र वित्तीय विवरण सम्बन्धि खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याकंन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धि आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**कम्पनी ऐन २०६३ को प्रावधानहरु पालना सम्बन्धि प्रतिवेदन**

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं।

२. हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित वाहेक ठिक संग राखिएको छ।

३. हाम्रो रायमा यो प्रतिबेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, बहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परीक्षण गर्दा माथि सस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा सस्थाको सम्पति हिनामिना गरेको वा सस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

५. सस्थामा लेखा सम्बन्धि कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

६. कम्पनी ऐन २०७३ को दफा ७६(१) मा प्रत्येक पब्लिक कम्पनीले कारोबार शुरु गर्ने इजाजत पाएको एक वर्षभित्र प्रथम वार्षिक साधारण सभा गर्नुपर्ने तथा सोही ऐनको दफा ८०(१) अनुसार प्रत्येक पब्लिक कम्पनीले वार्षिक साधारण सभा भएको तीस दिनभित्र सो सभामा उपस्थित शेयरधनीहरूको संख्या, वार्षिक आर्थिक विवरण, सञ्चालक र लेखापरीक्षकको प्रतिवेदन र सो सभाले गरेका निर्णयको एक प्रति कार्यालयमा पठाउनु पर्ने उल्लेख भए बमोजिम पालना नभएकोले सो को पालना हुनुपर्दछ ।

..............................
(रामुप्रसाद डोटेल)
उप-महालेखापरीक्षक

## दूधकोशी जलबिद्यूत कम्पनी लिमिटेड

काठमाडौ, नेपाल

### २०७५ असार ३२ को वासलात

| विवरण | अनुसुची | २०७५.०३.३२ को (रु.) | २०७४.०३.३१ को (रु.) |
|---|---|---|---|
| **पूंजी तथा दायित्व** | | | |
| शेयर पूंजी | १ | ११,०७३,२५०.०० | ७३,२५०.०० |
| नाफा नोक्सान हिसाव | २ | (११९,७८०.००) | (९१,५००.००) |
| चालु दायित्व तथा व्यवस्था | ३ | ५६,५००.०० | २८,२५०.०० |
| **जम्मा** | | ११,००९,९७०.०० | १०,०००.०० |
| **सम्पति तथा जायजेथा** | | | |
| स्थिर सम्पति | ४ | - | - |
| लगानी हिसाव | | - | - |
| कर्जा तथा सापटि | | - | - |
| नगद तथा बैंक मौज्दात | ५ | ११,००९,९७०.०० | १०,०००.०० |
| **जम्मा** | | ११,००९,९७०.०० | १०,०००.०० |
| प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु | ७ | | |

| रमेश खड्का | बसन्त ध्वज श्रेष्ठ | लोकहरी लुईंटेल | माधव प्रसाद कोईराला | कुलमान घिसिङ | सिए मनोज केसी |
|---|---|---|---|---|---|
| सहायक निर्देशक(लेखा) | प्रमुख कार्यकारी अधिकृत | सदस्य | सदस्य | अध्यक्ष | एम.आर.यू एण्ड एसोसिएट्स |
| | | संचालक समिति | संचालक समिति | संचालक समिति | चार्टर्ड एकाउन्टेट्स |

## दूधकोशी जलबिद्यूत कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

२०७४.०४.०१ देखि २०७५.०३.३२ सम्म

### नाफा नोक्सान खाता

| आम्दानी | अनुसुची | आ.ब. २०७४.७५ | आ.ब. २०७३.७४ |
|---|---|---|---|
| बिद्यूत बिक्रीबाट आम्दानी | | - | - |
| अन्य आम्दानी | | - | - |
| **जम्मा** | | - | - |
| **खर्च** | | | |
| कार्यालय संचालन खर्च | ६ | २८,२८०.०० | ९१,५००.०० |
| मर्मत तथा संभार खर्च | | - | - |
| ह्रासकट्टी खर्च | ४ | - | - |
| **जम्मा खर्च** | | २८,२८०.०० | ९१,५००.०० |
| कर्मचारी बोनस कोषको व्यवस्था अघिको संचालन मुनाफा | | (२८,२८०.००) | (९१,५००.००) |
| कर्मचारी बोनस कोष | | - | - |
| **सञ्चालन मुनाफा** | | (२८,२८०.००) | (९१,५००.००) |
| कर व्यवस्था | | - | - |
| यस बर्षको कर व्यवस्था | | - | - |
| स्थगन कर व्यवस्था | | - | - |
| **आयकर व्यवस्था पछिको खुद मुनाफा** | | (२८,२८०.००) | (९१,५००.००) |

रमेश खड्का
सहायक निर्देशक(लेखा)

बसन्त ध्वज श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

लीकहरी लुइँटेल
सदस्य
संचालक समिति

माधव प्रसाद कोईराला
सदस्य
संचालक समिति

कुलमान घिसिङ
अध्यक्ष
संचालक समिति

सिए मनोज केसी
एम.आर.यू एण्ड
चार्टर्ड एकाउन्टेट्स

M.R.U. & Associates Kathmandu Chartered Accountants

रामप्रसाद कोटा
उप-महालेखापरीक्षक

## दूधकोशी जलबिद्यूत कम्पनी लिमिटेड

काठमाडौ, नेपाल

२०७४.०४.०१ देखि २०७५.०३.३२ सम्म

### नगद प्रवाह विवरण

| विवरण | २०७५.०३.३२ को (रु.) | २०७४.०३.३१ को (रु.) |
|---|---|---|
| **संचालन गतिविधिको नगद प्रवाह** | | |
| नाफा नोक्सान हिसाब खाता अनुसारको | (२८,२८०.००) | (९१,५००.००) |
| स्थीर सम्पतीको निसर्ग | - | - |
| पुर्व संचालन खर्च | - | - |
| ह्रासकट्टी | - | - |
| **कार्यसील पूजी परिवर्तन अघिको संचालन नगद प्रवाह** | (२८,२८०.००) | (९१,५००.००) |
| **समायोजन :** | | |
| चा म्पतिमा कमी (बृद्धि) | - | - |
| चालु दायित्वमा बृद्धि (कमी) | २८,२५०.०० | २८,२५०.०० |
| कोषमा कमी (बृद्धि) | - | - |
| **जम्मा समायोजन** | २८,२५०.०० | २८,२५०.०० |
| **संचालन गतिविधिवाट खूद नगद प्रवाह** | (३०.००) | (६३,२५०.००) |
| **लगानी गतिविधिको नगद प्रवाह :** | | |
| स्थिर सम्पति बिक्री (खरिद) | - | - |
| लगानी | - | - |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | - | - |
| **वित्तिय गतिविधिको नगद प्रवाह :** | | |
| शेयर पूजीको बृद्धि (कमी) | ११,०००,०००.०० | ७३,२५०.०० |
| **वित्तिय गतिविधिबाट खूद नगद प्रवाह :** | ११,०००,०००.०० | ७३,२५०.०० |
| यस वर्षको खूद नगद प्रवाह विवरण | १०,९९९,९७०.०० | १०,०००.०० |
| गत वर्षको नगद तथा बैंक मौज्दात | १०,०००.०० | - |
| **यस वर्षको जम्मा नगद तथा बैंक मौज्दात** | ११,००९,९७०.०० | १०,०००.०० |

M.R.U. & Associates Kathmandu Chartered Accountants

रमेश खड्का
सहायक निर्देशक(लेखा)

वसन्त ध्वज श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

लोकहरी लुईटेल
सदस्य
संचालक समिति

माधव प्रसाद कोईराला
सदस्य
संचालक समिति

कुलमान घिसिङ
अध्यक्ष
संचालक समिति

सिए मनोज केसी
एम.आर.यू. एण्ड
चार्टर्ड एकाउन्टेन्ट्स

उप महालेखापरीक्षक

DUDHKOSHI JALVIDYUT COMPANY LTD.

## दूधकोशी जलबिद्यूत कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

२०७४.०४.०१ देखि २०७५.०३.३२ सम्म

### इक्वीटिमा भएको परिवर्तन सम्बन्धी बिवरण

रकम रु.मा

| बिवरण | शेयर पूजि | संचित नफा/नोक्सान | कोष | कुल रकम |
|---|---|---|---|---|
| सुरुको मौजदात | ७३,२५०.०० | (९१,५००.००) | | (१८,२५०.००) |
| समायोजन | - | - | | - |
| समायोजन पछिको मौजदात | ७३,२५०.०० | (९१,५००.००) | - | (१८,२५०.००) |
| शेयर पूजि थप | ११,०००,०००.०० | | | ११,०००,०००.०० |
| यस बर्षको नाफा | | (२८,२८०.००) | | (२८,२८०.००) |
| **अन्तीम मौज्दात** | **११,०७३,२५०.००** | **(११९,७८०.००)** | **-** | **१०,९५३,४७०.००** |

| | | | | | |
|---|---|---|---|---|---|
| रमेश खड्का | बसन्त ध्वज श्रेष्ठ | लोकहरी लुईंटेल | माधव प्रसाद कोईराला | कुलमान घिसिङ | सिए मनोज केसी |
| सहायक निर्देशक(लेखा) | प्रमुख कार्यकारी अधिकृत | सदस्य | सदस्य | अध्यक्ष | एम.आर.यू एण्ड एसोसिएट्स |
| | | संचालक समिति | संचालक समिति | संचालक समिति | चार्टर्ड एकाउन्टेट्स |

उप-महालेखापरीक्षक

# दूधकोशी जलबिद्यूत कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

आ.ब. २०७४.७५

**शेयर पूँजी** — अनुसुची १

| विवरण | २०७५.०३.३२ को (रु.) | २०७४.०३.३१ को (रु.) |
|---|---|---|
| शेयर | ११,०७३,२५०.०० | ७३,२५०.०० |
| **जम्मा** | ११,०७३,२५०.०० | ७३,२५०.०० |

**नाफा नोक्सान हिसाव** — अनुसुची २

| विवरण | २०७५.०३.३२ को (रु.) | २०७४.०३.३१ को (रु.) |
|---|---|---|
| गत वर्षको | (९१,५००.००) | - |
| यस वर्षको | (२८,२८०.००) | (९१,५००.००) |
| **जम्मा** | (११९,७८०.००) | (९१,५००.००) |

**चालु दायित्व तथा व्यवस्था** — अनुसुची ३

| विवरण | २०७५.०३.३२ को (रु.) | २०७४.०३.३१ को (रु.) |
|---|---|---|
| लेखापरिक्षण शुल्क | ५५,७५०.०० | २७,८७५.०० |
| आयकर व्यवस्था | - | - |
| अन्य भुक्तानी दिनुपर्ने | ७५०.०० | ३७५.०० |
| **जम्मा** | ५६,५००.०० | २८,२५०.०० |

## दूधकोशी जलबिद्यूत कम्पनी लिमिटेड

काठमाडौ, नेपाल

**२०७४.०४.०१ देखि २०७५.०३.३२ सम्म**

स्थिर सम्पतिको विवरण

अनुसुची ४

| सम्पतिको नाम | कार्यालय उपकरण | अन्य | जम्मा |
|---|---|---|---|
| गत वर्षको बाँकी | – | – | – |
| यस वर्षको थप | – | | – |
| सम्पत्तिको निसर्ग | – | | – |
| **ह्रास योग्य मूल्य** | – | – | – |
| ह्रासकट्टी दर | २५% | १५% | |
| यस आ.व को ह्रासकट्टी | – | – | – |
| **बाँकी मूल्य** | – | – | – |

# दूधकोशी जलबिद्यूत कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

आ.ब. २०७४.७५

नगद तथा बैंक मौज्दात — अनुसुची ५

| विवरण | २०७५.०३.३२ को (रु.) | २०७४.०३.३१ को (रु.) |
|---|---|---|
| नगद मौज्दात | – | – |
| एभरेष्ट बैंक लि. | ११,००९,९७०.०० | १०,०००.०० |
| **जम्मा** | ११,००९,९७०.०० | १०,०००.०० |

कार्यालय संचालन खर्च — अनुसुची ६

| विवरण | २०७५.०३.३२ को (रु.) | २०७४.०३.३१ को (रु.) |
|---|---|---|
| कम्पनी दर्ता खर्च | – | २८,२५०.०० |
| बैठक भत्ता | – | ३५,०००.०० |
| लेखा परिक्षण शुल्क | २८,२५०.०० | २८,२५०.०० |
| बैक शुल्क | ३०.०० | – |
| **जम्मा** | २८,२८०.०० | ९१,५००.०० |

M.R.U. & Associates Chartered Accountants Kathmandu

दुधकोशी जलविद्युत कम्पनी लि. DUDHKOSHI JALVIDYUT COMPANY LTD. ESTD. 2017

दूधकोशी जलबिद्यूत कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

**प्रमुख लेखा नीतिहरुतथालेखा सम्बन्धि टिप्पणीहरु** अनूसुची ७

१. **सामान्य जानकारी**

देशमा जलाशययुक्त जलविधुत आयोजना निर्माण र व्यवस्थापनलाई अझ प्रभावकारी बनाउने उद्देश्यले वि.सं.२०७३।११।२०मा कम्पनी ऐन २०७३ अनुरुप दुधकोशी जलविधुत कम्पनी लिमिटेडको स्थापना भएका छ ।

२. **वित्तीय विवरणमाथिको उत्तरदायित्व**

वित्तीय विवरणमाथिको उत्तरदायित्व संस्थाको व्यवस्थापन तथा सञ्चालक समितिमा निहित रहेको छ । संलग्न वित्तीय विवरणहरु संस्थाको सञ्चालक समितिको बैठकबाट स्वीकृत भएको छ । प्रस्तुत वित्तीय विवरणहरु संस्थाको अविच्छिन्न सञ्चालन (Going Concern Assumption) मान्यताको आधारमा तयार पारिएको छ ।

३. **वित्तीय विवरण तयारीका आधारहरु**

संस्थाको आर्थिक विवरणहरु ऐतिहासिक लागत अवधारणा (Historical Cost Concept) अनुरुप अन्यथा उल्लेख भएकोमा बाहेक प्रोद्‌भावी आधारमा तयार गरिएको छ । संलग्न वित्तीय विवरणहरु लेखाको सर्वमान्य सिद्धान्त तथा प्रचलन अनुसार तयार पारिएका छन् । वित्तीय विवरण तयार पार्दा लेखा सिद्धान्तमा आधारित रहेर केही अनुमानहरु गर्नुपर्ने तथा लेखा नीतिहरु लागू गर्ने क्रममा व्यवस्थापनपक्षले स्वविवेकको समेत प्रयोग गर्नुपर्ने हुन्छ । यस वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले गरेका लेखा अनुमानहरु विवेकसम्मत र उचित रहेको कुरामा व्यवस्थापन विश्वस्त छ । लेखा अनुमानहरु तत्कालीन अवस्थाको यथोचित विश्लेषण अनुरुप निर्धारण गरिने भएकोले भविष्यको परिणाम फरक पर्न सक्ने हुन्छ । लेखा अनुमानमा भविष्यमा हुने परिवर्तनहरु प्रचलित लेखामान अनुरुप तत्काल तथा त्यसपछिको अवधिमा Prospectively समायोजन गरिन्छन् । स्वविवेक तथा अनुमानहरु समयसापेक्ष तथा उचित रहिरहुन् भनेर नियमित रुपमा पूनरावलोकन गरीएका छन ।

४. **प्रमुख लेखा नीतिहरु** (Principle Accounting Policies):

संस्थाको वित्तीय विवरणहरु तयार गर्दा आधार लिईएका लेखा नीतिहरु तल उल्लेख गरिएको छ । अन्यथा उल्लेख गरिएको अवस्थामा बाहेक अटुट रुपमा नीतिहरुको पालना गरिएको छ ।

४.१ **जेथा (Equity)**

सम्पत्तिवाट सम्पूर्ण दायित्व घटाए पश्चात् बाँकी रहने शेयरधनी सदस्यको स्वार्थ नै जेथा (Equity) हो । यस अन्तर्गत शेयरधनी सदस्यले लगानी गरेको शेयर रकम, सञ्चित मुनाफा तथा सञ्चित मुनाफाबाट विनियोजन गरिएको जगेडा कोषहरु पर्दछन् ।

४.२ **सम्पत्तिहरु**

सम्पत्ति भन्नाले विगतका घटनाक्रमहरुले गर्दा निकायको नियन्त्रणमा आएको त्यस्ता आर्थिक श्रोतहरुलाई जनाउँछ जसको उपयोग बाट निकायले भविष्यमा आर्थिक लाभ प्राप्त गर्नसक्ने सम्भावना आङ्कलन गरेको हुन्छ । वासलात मितिमा कम्पनीको नियन्त्रणमा रहेको तथा भविष्यमा आर्थिक लाभको आङ्कलन गरिएको नगद, बैंक खाता, लगानी, कर्जा तथा सापटी, स्थिर सम्पत्ति लगायतका सम्पूर्ण सम्पत्तिहरुलाई कम्पनीको वासलातमा समावेश गरिएको छ ।

M.R.U. & Associates, Kathmandu, Chartered Accountants

दूधकोशी जलबिद्यूत कम्पनी लिमिटेड
काठमाडौ, नेपाल

**प्रमुख लेखा नीतिहरुतथालेखा सम्बन्धि टिप्पणीहरु** अनूसुची ७

### ४.२.१ स्थिर सम्पत्ति

**(क)प्रारम्भिक मूल्याङ्कन**

स्थिर सम्पत्तिहरु लागत अवधारणामा आधारित रही लागतमा सञ्चित ह्रास कट्टी रकम तथा impairment loss घटाई वासलातमा प्रस्तुत गर्ने नीति लिइएको छ । स्थिर सम्पत्तिको लागतलाई देहायका दुई अवस्था पूरा गरेको खण्डमा मात्र सम्पत्तिको रुपमा लेखाङ्कन गर्ने नीति लिइएको छ :

क) त्यस सम्पत्तिसँग सम्बन्धित भविष्यमा प्राप्त हुने आर्थिक लाभहरु कम्पनीलाई प्राप्त हुने यकिन आधार भएमा, र

ख) त्यस सम्पत्तिको लागत एकिन भएमा

स्थिर सम्पत्तिको निर्माण वा खरीदको अवस्थामा खरीद मूल्य तथा सोमा लागेको प्रत्यक्ष खर्चहरु जोडी मूल्यांकन गरिएको छ ।

स्थिर सम्पत्तिको बिक्री वा अपलेखनवाट नोक्सान भएमा अपलेखन खर्च शीर्षकमा र फाईदा भएमा विविध आम्दानी शीर्षकमा लेखाङ्कन गरिएको छ ।

**(ख) सुरुवाति लेखाङ्कन पछि गरिने खर्चहरु (subsequent costs)**

स्थिर सम्पत्तिको सुरुवाति लेखाङ्कन पछि गरिने खर्चहरु (subsequent costs) लाई स्थिर सम्पत्तिको पहिचान गर्ने मापदण्ड पूरा गरेको अवस्थामा मात्र सम्पत्तिको रुपमा पहिचान गरिन्छ । सम्पत्तिमा पहिचान गर्न मापदण्ड पूरा नगर्ने त्यस्ता खर्चहरुलाई नाफा नोक्सान हिसावमा खर्च लेखाङ्कन गरिन्छ ।

### ४.२.२ लगानी

नियमित रुपमा व्याज तथा लाभांश आर्जन गर्ने वा विक्रि गरी पूँजीगत लाभ आर्जन गर्ने उद्देश्य राखी धारण गरिएको बैंकमा राखिएका मुद्धति निक्षेपहरु, संगठित संस्थाको शेयरहरु लगायतका उपकरणहरुलाई वासलातमा "लगानी" शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ । लगानी उपकरणहरुलाई लागत मूल्यमा खरीद गर्दा बेहोरेको खर्च समेत समावेश गरी गणना गरिएको हुन्छ । कम्पनीले गरेको लगानीलाई देहायमा उल्लिखित तीनवटा वर्गमा विभाजित गरेको छ ।

**(क) भुक्तानी मितिसम्म धारण गर्ने लगानी (Held To Maturity Investments)**

भुक्तानी मितिसम्म धारण गर्ने प्राथमिक उद्देश्य सहित यस्ता लगानीहरु गरिएका हुन्छन् र यसलाई लागत मूल्यका आधारमा भुक्तानी मितिसम्म नै वासलातमा देखाइएको हुन्छ ।

**(ख) व्यापारिक लगानी (Held For Trading Investments)**

यी लगानीहरु वजारमा विक्री योग्य लगानी हुन् र छोटो समयावधिमा विक्री गरि पूँजिगत लाभ आर्जन गर्ने मुख्य उद्देश्य सहित धारण गरिएका हुन्छन् । यी लगानीहरुलाई शुरुमा लागत मूल्यका आधारमा गणना गरी तत्पश्चात् वजार मूल्यका आधारमा गणना गरिन्छ । कारोवार तथा पुनर्मूल्याङ्कनवाट सिर्जित लाभ वा हानीलाई नाफा-नोक्सान हिसाव खातामा लेखाङ्कन गरिन्छ ।

M.R.U. & Associates Kathmandu Chartered Accountants

दूधकोशी जलबिद्यूत कम्पनी लिमिटेड
काठमाडौं, नेपाल

**प्रमुख लेखा नीतिहरुतथालेखा सम्बन्धि टिप्पणीहरु** **अनूसुची ७**

**(ग) बिक्रीको लागि उपलब्ध लगानी (Available For Sale Investments)**

यी लगानीहरु भुक्तानी मिति सम्म धारण गर्ने लगानी तथा व्यापारिक लगानी बाहेकका लगानीहरु हुन् । यी लगानीलाई शुरुमा लागत मूल्यका आधारमा गणना गरी तत्पश्चात् बजार मूल्यका आधारमा गणना गरिन्छ । मूल्यमा हुने उतारचढावका कारण लगानी अवधिसम्ममा सिर्जित लाभ वा हानीलाई सिधै **लगानी समायोजन कोषमा** लेखाङ्कन गर्ने गरिन्छ र यस्ता उपकरण बिक्री गरेको वखत नगदमा आधारित भई लाभ वा हानीलाई आय व्यय हिसाव खातामा प्रस्तुत गरिन्छ । बजार मूल्य निर्धारण गर्ने समयमा धितोपत्र बजारमा भएको कारोवार गतिविधिलाई ध्यानमा राखिन्छ । धितोपत्र बजारमा सूचीकृत भएका तर सक्रिय रुपमा खरिद बिक्री नभएका लगानीहरुको गणना लागतमा गरिन्छ ।

**४.२.३ अन्य सम्पति**

अन्य सम्पत्ति अन्तर्गत अग्रिम भुक्तानीहरू, पेश्की तथा पाउनुपर्ने हिसावहरू लेखांकन गर्ने गरिएको छ ।

**(क) मौज्दात**

संस्थाले खरिद गरेको सबै किसिमको स्टेशनरी, छपाई तथा अन्य बिविध सामाग्रीहरुलाई खपतको आधारमा FIFO (First In First Out) प्रणालीवाट हुन आउने रकम खर्च लेखी मौज्दात रहेकोलाई अन्य सम्पत्तिमा देखाईएको छ ।

**(ख) अग्रिम भुक्तानी (Prepayments)**

भविष्यमा प्राप्त गरिने सेवाहरु जस्तै बीमा, भवनको बहाल, सञ्चार सेवा, करार अन्तर्गतका मर्मत सम्भार सेवा र अन्य विविध सेवाहरुको आपूर्तिका लागि तथा अग्रिम रुपमा भुक्तानी गरिने रकम नै अग्रिम भुक्तानी हो । अग्रिम भुक्तानी गरिएको रकमलाई भुक्तानी मितिमा पूर्णमूल्यमा सम्पत्तिका रुपमा लेखाङ्कन गरिन्छ र सेवाको आपूर्ति भएको मितिमा वा सेवाको समयावधि समाप्त भएको मितिमा नाफा नोक्सान हिसावमा खर्च जनाईन्छ ।

**४.३ दायित्व तथा व्यवस्थाहरु**

कम्पनीको दायित्व तथा व्यवस्थाहरु अन्तर्गत सापटीहरु, निक्षेपहरु, कर दायित्वहरु,सम्भावित कर्जा नोक्सानी व्यवस्था, विविध साहुहरु तथा अन्य दायित्वहरु पर्दछन् ।

अन्य बक्यौता खर्चहरु जसको भुक्तान समय तथा भुक्तान गर्नुपर्ने रकम यकिन हुँदैन जस्तै व्यवसायिक सेवा खर्च, संचार खर्चहरु इत्यादि, त्यस्ता अन्य बक्यौता खर्चहरु विगतको खर्च तथा उपभोगको मात्रा, दोस्रो पक्ष सँगको समझदारि आदिको आधारमा अनुमान गरेर लेखाङ्कन गरीएको छ । यस्ता खर्चहरु विजकको प्राप्ति वा विलका आधारमा पछि फर्छ्यौट गरीने गरिन्छ ।

**(ग) आयकर तथा अन्य कर दायित्व**

कम्पनीको आयकर दायित्व आयकर ऐन २०५८ ले निर्दिष्ट गरे बमोजिम व्यवस्था गरिएको छ । चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट तिर्नुपर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानून) वासलात मितिमा लागू भएका दर हुन् । सोही अनुरुप चालु आयकरको गणना सर्ब... आयकर ऐन २०५८

M.R.U. & Associates, Kathmandu, Chartered Accountants

दूधकोशी जलबिद्यूत कम्पनी लिमिटेड
काठमाडौं, नेपाल

**प्रमुख लेखा नीतिहरुतथालेखा सम्बन्धि टिप्पणीहरु** अनूसुची ७

(संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधारमानी गणना गरिन्छ । अन्य कर दायित्वमा आयकर ऐन २०५८ ले निर्दिष्ट गरे बमोजिम विभिन्न भुक्तानीमा गरिएको कर कट्टी रकम समाविष्ट छ ।

### ४.४ सम्भावित दायित्वहरु

सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गरिएका छन् ।
विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता संभावित दायित्वहरु जसको अस्तित्व भविष्यका एक वा एकभन्दा बढी अनिश्चित घटनाक्रमहरुले निक्यौंल गर्नेछ, जुन कम्पनीको नियन्त्रणभन्दा वाहिर रहेको हुन्छ वा विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएका दायित्वहरु ।

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको,
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको ।

यस आर्थिक वर्षको अन्त्यमा त्यस्तो कुनै सम्भावित दायित्वहरु रहेको छैन ।

### ४.५ वासलात मिति पछिका घटनाहरु

वासलात मिति पछिका घटनाहरु त्यस्ता अनुकुल वा प्रतिकुल घटनाहरु हुन्, जुन वासलात मितिदेखि वित्तीय विवरण जारी गर्नकालागि अनुमोदन गरिएको मितिका बीच घटित हुन्छन् । यस परिप्रेक्षमा वासलात मिति पश्चात घटित सबै सारभूत तथा महत्वपूर्ण घटनाहरुलाई ध्यान दिईएको छ । वासलात मिति पश्चात वित्तीय विवरणमा समायोजन गर्नुपर्ने वा प्रस्तुत गर्नुपर्ने गरी कुनैपनि घटनाहरु सिर्जना भएका छैनन् ।

### ४.६ आयको लेखाङ्कन

आर्थिक वर्षको कार्यसम्पादनका दौरान सम्पत्तिमा वृद्धि वा दायित्वमा कमी भई शेयर सदस्यहरुको जेथाको वृद्धि गराउने आय, शुल्क, सम्पत्ति तथा दायित्वको निसर्गबाट प्राप्त लाभ इत्यादि शिर्षकहरुलाई सो वर्षको आयमा लेखाङ्कन गरिन्छ ।

### ४.७ खर्चको लेखाङ्कन

आर्थिक वर्षको कार्यसम्पादनका दौरान दायित्वमा वृद्धि वा सम्पत्तिमा कमी भई शेयर सदस्यहरुको जेथामा ह्रास आउने  कर्मचारी खर्च, कार्यालय संचालन खर्च, इत्यादि शिर्षकहरुलाई सो वर्षको नाफा नोक्सान हिसाबमा खर्च लेखाङ्कन गरिन्छ ।

### ४.७.१ कर्मचारी तथा अन्य सञ्चालन खर्च

कर्मचारीको तलब, भत्ता लगायतका सुविधाहरू र कार्यालय सञ्चालन सम्बन्धी खर्चहरू प्रोदभावी (Accrual) आधारमा लेखाङ्कन गर्ने गरी आर्थिक वर्षको अन्त्यमा भुक्तानी गर्न बाँकी खर्चको सम्बन्धित शीर्षकमा खर्च जनाई दायित्वको व्यवस्था गरिएको छ ।
कम्पनीको कर्मचारीहरुबाट प्राप्त गरेको सेवा बापत व्यहोर्नु पर्ने सबै किसिमका व्ययलाई कर्मचारी खर्च मानिएको छ । कर्मचारी खर्चमा तलब, भत्ता,कर्मचारी सुविधा बापतका खर्चहरु, कार्यसम्पादनमा आधारित बोनस, सञ्चय कोष आदि खर्चहरू समाविष्ट छन्।

M.R.U. & Associates, Kathmandu, Chartered Accountants

## दूधकोशी जलबिद्यूत कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

**प्रमुख लेखा नीतिहरुतथालेखा सम्बन्धि टिप्पणीहरु** अनूसुची ७

श्रम ऐन २०७४ बमोजिम संचित बिदा बापतको व्यवस्था, कर्मचारी उपदान बापतको व्यवस्था, कर्मचारीको लागि व्यक्तिगत दुर्घटना तथा औषधोपचार बिमा खर्चको व्यवस्था गरिएको छैन ।

**४.७.२ ह्रासकट्टि तथा प्रतिशोधन खर्च (Amortization) खर्च**

स्थिर सम्पत्तिहरुमा घट्दो शेष प्रणाली अनुसार आयकर ऐन २०५८ ले निर्दिष्ट गरेको दर र पद्धति अनुरुप ह्रासकट्टि गर्ने नीति लिइएको छ । यस्तो नीति नेपाल लेखामान १६ "Property, Plant & Equipment" ले निर्धारण गरेको मान्यता अनुरुप छैन जसले सम्पत्तिको उपयोगी आयुको आधारमा व्यवस्थित तरीकाले ह्रासकट्टि गर्नु पर्ने कुरा निर्दिष्ट गर्दछ ।

कम्प्यूटर सफ्टवेयर लगायतका अन्य अदृष्य सम्पत्तिहरु (Intangible Assets) प्रयोगमा आएको मितिले प्रत्येक वर्ष २० प्रतिशतका दरले खर्च लेखाङ्कन गर्ने नीति लिईएको छ ।

**४.७.३ आयकर खर्च**

आयकर खर्चमा यस वर्षको कर व्यवस्था तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ ।

**५. लेखा सम्बन्धि टिप्पणीहरु**

**५.१ शेयर पूँजी**

कम्पनीको यस वर्षको शेयर पूँजी रु. १,१०,७३,२५०।- रहेको छ । गत वर्षको तुलनामा यस वर्ष रु.१,१०,००,०००।- ले शेयर पूँजी वढेको छ ।

**५.२ जगेडा तथा अन्य कोषहरु**

कम्पनीको यस वर्षको अन्त्यमा जगेडा तथा अन्य कोषमा जम्मा रु. (११९,७८०।-) रहेको छ ।

**५.३ आयकर व्यवस्था**

यस आर्थिक वर्षमा कम्पनी नोक्सानी भएकोले आयकर व्यवस्था गरिएको छैन ।

**५.७ पुनर्वर्गीकरण तथा पुनसमूहिकीकरण**

गत वर्षको रकमहरुलाई आवश्यकता अनुसार पुन समूहिकरण तथा पुनर्वर्गीकरण गरिएको छ ।

M.R.U. & Associates, Kathmandu, Chartered Accountants

DUDHKOSHI JALVIDYUT COMPANY LTD. ESTD. 2017

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(सार्वजनिक संस्थान लेखापरीक्षण महानिर्देशनालय)

प.सं.२०७७/७८
च.नं. ६२

मिति: २०७८।७।९

विषय : व्यवस्थापन पत्र ।

श्री अध्यक्षज्यू,
दुधकोशी जलविधुत कम्पनी लिमिटेड,
काठमाडौं, नेपाल ।

हामीले **दुधकोशी जलविधुत कम्पनी लिमिटेड**को २०७६ असार मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय हिसाव, नगद प्रवाह विवरण, पुँजी कोषमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । व्यवस्थापनले तयार गरेको वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य व्यक्त गरिएको लेखापरीक्षण प्रतिवेदन आजैका मितिमा जारी गरिएको छ। व्यवस्थापनले गरेका कारोबारको अध्ययनबाट बोर्डले सुधार गर्नुपर्ने विषय तथा आन्तरिक नियन्त्रण प्रणालीमा रहेका कमजोरीहरु बारे सुझाव सहित पाना- १(एक) को यो व्यवस्थापन पत्र जारी गरिएको छ।

(महेश्वर काफ्ले)
नायव महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328

# व्यवस्थापन पत्र
# दुधकोशी जलविधुत कम्पनी लिमिटेड
# २०७५।७६

१. **पृष्ठभूमि** : देशमा जलाशय युत्त जलविद्युत आयोजना निंमाण र व्यवस्थापनलाई अझ प्रभावकारी बनाउने उद्देश्यले २०७३।११।२० कम्पनी ऐन, २०६३ अनुरुप दुधकोशी जलविद्युत कम्पनी लिमिटेडको स्थापना भएका छ। दुधकोशी जलाशययुक्त जलविद्युत आयोजना प्रदेश नम्बर १ को खोटाङ र ओखलढुङ्गा जिल्लाको सीमाना भई बग्ने दुधकोशी नदीमा पदर्छ। दुधकोशी मुख्य विद्युत गृह र दुधकोशी Dam Toe विद्युत गृहबाट क्रमशः ६०० मेगावाट र ३५ मेगावाट उत्पादन हुनेगरी जम्मा ६३५ मेगावाट जडित क्षमता रहने यस आयोजनाबाट उत्पादित विद्युत ११५ कि.मि. लम्बाइ भएको ४०० के.भी. डबल सर्किट प्रशारण लाईनबाट ढल्केबरमा जोडिने छ। यस आयोजनाको निर्माणस्थल काठमाडौबाट पुर्व लगभग १६० कि.मि. को दुरीमा रहेको छ। आयोजना विकासका लागि अपरिहार्य रहेको पहुँचमार्ग लगभग तयारी अवस्थामा रहेको यो आयोजना वर्तमान ऊजाको व्यवस्थापनलाई सम्बोदन गर्नसक्ने एक मुख्य जलाशययुक्त जलविद्युत आयोजना हो।

कम्पनीको यस वर्ष शेयर पुँजी रु. ११,०७३,२५०.०० रहेको छ र आवश्यक बजेट नभएकोले यस वर्ष आयोजनामा कुनै कार्य भएको छैन। कम्पनीका प्रमुख कार्यकारी अधिकृत रुपमा बसन्त ध्वज श्रेष्ठको मात्र नियुक्ति भएको छ।

२. **बैक मौज्दातमा ब्याज आम्दानी:** कम्पनीको एभरेस्ट बैकको चल्ती खातामा मिति २०७४।०६।०९ मा रु १,१०,००,००० जम्मा भएको देखिन्छ कम्पनीको उदेश्य बमोजिम कार्य नगरी कम्पनीले चल्ती खातामा रकम राखेकोले लामो समयको ब्याज आम्दानी भने गुमाएको देखिन्छ। कम्पनीको सम्पतिहरुको अधिकतम प्रयोग गरि कम्पनी लाई हित हुने गरि कम्पनीको श्रोतहरु परिचालन गर्नु पर्दछ।

३. **आयकर कानुनको पालना:** कम्पनीको आर्थिक वर्ष २०७३/२०७४, २०७४/७५ को लेखापरीक्षण कार्य समयमानै सम्पन्न नभएकोले आयकर ऐन, २०५८ को दफा ९५ बमोजिम आय विवरण दाखिला समयमानै नभएकोले आयकर ऐन को दफा ११७ बमोजिमको शुल्क लाग्ने व्यवस्था छ। आयकर ऐन, २०५८ को सम्पूर्ण दफाहरुको पालना गरि दण्ड र जरिवाना बाट कम्पनीलाई बचाउनु पर्दछ।

४. **लेखापरीक्षण समिति गठन:** कम्पनी ऐन, २०६३ को दफा १६४(१)तीन करोड रुपैयाँ वा सोभन्दा बढी चुक्ता पुँजी भएको सूचीकृत कम्पनी वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनीले कम्पनीको दैनिक कार्यसञ्चालन वा व्यवस्थापनामा संलग्न नरहेको सञ्चालकको अध्यक्षतामा कम्तीमा तीनजना सदस्य रहेको एक लेखापरीक्षण समिति गठन गर्नु पर्नेछ। कम्पनी ऐन, २०६३ का सम्पूर्ण दफाहरुको पालना गरि दण्ड र जरिवाना बाट कम्पनीलाई बचाउनु पर्दछ।

**५. गत लेखापरिक्षणको व्यवस्थापन पत्र र अन्तिम लेखापरिक्षण प्रतिवेदनमा भएका कैफियत सुधार भए नभएको अवस्था**

| क्र.सं. | लेखापरीक्षण कैफियत | गत आर्थिक वर्ष | यस आर्थिक वर्ष |
|---|---|---|---|
| १ | कम्पनी ऐन, २०६३ को दफा ७६ र दफा ८० पालना नभएको | कम्पनी ऐन, २०६३ को दफा ७६ र दफा ८० पालना नभएको | स्थिति यथावत |
| २ | कम्पनीको सम्पूर्ण खर्चको हिसाव कम्पनीको आय विवरणमा नदेखिएको | आय विवरणमा नदेखिएको | स्थिति यथावत |
| ३ | बैक मौज्दातमा ब्याज आम्दानी गुमाएको | आम्दानी गुमाएको | स्थिति यथावत |

१

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समस्या र लेखापरीक्षणको क्रममा पाईएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

**कम्पनी ऐन २०६३ को प्रावधानहरु पालना सम्बन्धी प्रतिवेदन**

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं।

२. हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने अनुच्छेदमा उल्लेख गरिएझैं ठीकसँग राखिएको छैन।

३. हाम्रो रायमा यो प्रतिबेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, बहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सूचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परिक्षण गर्दा माथि कैफियत सहितको राय व्यक्त गर्ने अनुच्छेदमा उल्लेख गरिएका बाहेक संस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा सस्थाको सम्पति हिनामिना गरेको वा संस्थाको हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन।

५. संस्थामा लेखासम्बन्धी कुनै जालसाजी भएको कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

६. कम्पनी ऐन, २०६३ को दफा ७६(१) मा प्रत्येक पब्लिक कम्पनीले कारोबार शुरु गर्ने इजाजत पाएको एक वर्षभित्र साधारण सभा गर्नुपर्ने तथा सोही ऐनको दफा ८०(१) अनुसार प्रत्येक पब्लिक कम्पनीले वार्षिक साधारण सभा भएको तीस दिनभित्र सो सभामा उपस्थित शेयरधनीहरुको संख्या वार्षिक आर्थिक विवरण सञ्चालक र लेखापरीक्षकको प्रतिवेदन र सो सभाले गरेका निर्णयको एक प्रति कार्यालयमा पठाउनु पर्ने उल्लेख भए बमोजिम पालना नभएकोले सो को पालना हुनपर्दछ।

(राम प्रसाद डोटेल)
उप महालेखापरीक्षक

सारभूत किसिमको त्रुटीहरित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक प्रणालीको तर्जुमा गर्ने, कार्यान्वयन र संचालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापन गर्ने र लेखानीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपुर्ण अनुमान गर्ने कार्यहरु पर्दछन्।

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा ब्यवासायको बिशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषय वस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नता संगै जानकारीहरुको खुलासा गर्ने दायित्व ब्यवास्थापनमा रहेको छ। संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ।

**लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य भनेको समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। उचित आश्वासन प्राप्त भएतापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन। त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटीहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। साथै,

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको त्रुटी पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटिको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मुल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परिक्षण गरिएतापनि आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेस हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निष्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निष्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ। हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिर्स्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढांचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोबार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्यांकन गरिन्छ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(सार्वजनिक संस्थान लेखापरीक्षण महानिर्देशनालय)

प.सं.२०७७/७८, च.नं. ६२

मितिः २०७८।७।९

श्री अध्यक्षज्यू,
दुधकोशी जलविद्युत कम्पनी लिमिटेड,
काठमाण्डौ, नेपाल।

**विषय : स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन।**

**लेखापरीक्षकको राय**

हामीले **दुधकोशी जलविद्युत कम्पनी लिमिटेड**को २०७६ असार मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु आ.ब. २०७७।७८ अनुसूची ७

आयकर खर्चमा यस वर्षको कर ब्यवस्था तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ ।

५. लेखा सम्बन्धि टिप्पणीहरु

५.१ शेयर पूँजी

संस्थाको यस बर्षको चुक्ता पुंजी रु. ११,०००,००० र कल्स इन एड्भान्स रु ७३,२५० रहेको छ । गत बर्ष पनि संस्थाको चुक्ता पुंजी रु. ११,०००,००० र कल्स इन एड्भान्स रु ७३,२५० रहेको थियो ।

५.२ जगेडा तथा अन्य कोषहरु

संस्थाको यस बर्षको अन्त्यमा जगेडा तथा अन्य कोषमा जम्मा रु. (३२४,४५५) रहेको छ ।

५.३ आयकर ब्यवस्था

यस आर्थिक बर्षमा कम्पनी नोक्सानी भएकोले आयकर ब्यवस्था गरिएको छैन ।

५.४ पुनर्बर्गीकरण तथा पुनसमूहिकीकरण

गत वर्षको रकमहरुलाई आवश्यकता अनुसार पुन समूहिकरण तथा पुनर्बर्गीकरण गरिएको छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal
सार्वजनिक संस्थान लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या: २०७९/८०
चलानी नम्बर: १७४

मिति: २०७९/११/४

**विषय :स्वतन्त्र लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
दुधकोशी जलविद्युत कम्पनी लिमिटेड,
काठमाण्डौं, नेपाल ।

**लेखापरीक्षकको राय**

हामीले **दुधकोशी जलबिद्युत कम्पनी लिमिटेड**, काठमाण्डौको यसै साथ संलग्न २०७९ आषाढ ३२ को वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान खाता, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरूले कैफियत सहितको राय व्यक्त गर्ने अनुच्छेदमा उल्लेखित व्यहोराले पार्न सक्ने असर बाहेक दुधकोशी जलविबिद्युत कम्पनी लिमिटेडको २०७९ आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको सञ्चालन नतिजा ,नगद प्रवाहको विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम सही र यथार्थ चित्रण गर्दछ।

**कैफियत सहितको रायको लागि आधार**

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्मानुसार छन् :

१. सरकारी संस्थानहरुलाई २०७३।७४ बाट लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरिएको छ। तर संलग्न गरिएको २०७८/७९ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्छ।

२. दुधकोशी जलबिद्युत आयोजना मार्फत जलबिद्युत सम्बन्धी सर्वेक्षण, निर्माण, उत्पादन, संचालन र व्यवस्थापन, उत्पादन, वितरण र प्रसारण सम्बन्धी कार्यमा भएको कारोबार अन्तर्गत भएको खर्च, आम्दानी, सम्पत्ती, दायित्व अन्तर्गत भएको खर्चको अभिलेख दुधकोशी जलबिद्युत आयोजनाको अभिलेखमा देखिन्छ । चालु आर्थिक वर्षको अन्त्य सम्ममा उक्त आयोजनाको कुल जायजेथा रु १,९८७,९१६,३४२.५७ रहेको देखिन्छ । यद्यपी स्थापना भएको करिब छ वर्ष बित्न लाग्दा पनि दुधकोशी जलबिद्युत आयोजनाको सम्पत्ति तथा दायित्व यस

Phone: 01-4772220, 4771270, 4262958, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np/ dir.mgnt@oagnep.gov.np/ Web Page: www.oag.gov.np

कम्पनीको नाममा हस्तान्तरण भएको छैन । आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पुरा गरी आयोजना अन्तर्गतका सम्पूर्ण सम्पत्ति तथा दायीत्व कम्पनीमा हस्तान्तरण गर्नुपर्ने देखिन्छ ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमान / नेपाल लेखापरीक्षण मानको अधारमा लेखापरीक्षण कार्य सम्पादन गरेका छौं। ती मान अनुसार हाम्रो उत्तरदायित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेबारी खण्डमा उल्लेख गरीएको छ। संस्थाको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं । हामीले व्यक्त गर्ने रायका लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**लेखापरीक्षणका मुख्य मामलाहरू - Key Audit Matter**

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरू नै लेखापरीक्षणका मुख्य कुराहरू हुन। लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवं व्यवस्थापन पत्रमा उल्लेख भएका व्यहोरा बाहेक अन्य थप लेखापरीक्षणका विषयवस्तुहरू रहेको छैन ।

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

**वित्तीय विवरणप्रति व्यवस्थापन र शासकीय कार्यभार बहन गर्ने व्यक्तिको उत्तरदायित्व**

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ ।यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस् सारभूत किसिमले त्रुटिरहित वित्तिय विवरण तयार गर्ने , आन्तरिक प्रणलीको तर्जुमा गर्ने ,कार्यान्वयन र संचालन गर्ने , सम्पत्तिहरुको व्यवस्थापन गर्ने र लेखानीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरू पर्दछन् ।

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ ।वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्नताको रूपमा व्यावसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषय वस्तुहरूको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नतासँगै जानकारीहरूको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ । संस्थाको वित्तीय विवरणहरूको निरीक्षण गर्ने जिम्मेवारी कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ ।

**वित्तीय विवरण लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य भनेको समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन छैनन् भन्ने कुरा उचित रुपमा सुनिस्चितता गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिब आस्वासन प्राप्त गरि आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिब आस्वासन प्राप्त भएतापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा बित्तिय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०७६

सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरणहरु जालसाजी वा त्रुटीबाट निम्तिन्छ र त्यस्ता गलत विवरणहरु जसले सरोकारवालाहरुले सो विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिईन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणमा उल्लेख गरिएका रकमहरू तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारे पुष्टयाईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ ।यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिकमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रूपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मुल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको त्रुटी पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटीको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मुल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै विवरणहरूको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेस हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रूपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरू वा परिस्थितिहरूमा सारभुत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यस्थापनले प्रयोग गरेको अनिश्चितताको आधारमा उचित भएको निष्कर्ष निकालिन्छ । सारभुत अनिश्चितता रहेको निष्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरिक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ। र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरूमा आधारित रहेको हुन्छ तर भविष्यका घटनाहरू वा परिस्थितिहरूका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरूको समग्र प्रस्तुतिकरण, ढाँचा र वित्तीय विवरण सम्बन्धि खुलासाहरूका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोबार र घटनाहरूलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षणमा योजना अनुसारको कार्यक्षेत्र,कार्य समस्या र लेखापरीक्षणको क्रममा पाईएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ ।

**कम्पनी ऐन, २०६३ को प्रावधानहरु पालना सम्बन्धि प्रतिवेदन**

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सम्पूर्ण सुचना तथा स्पष्टिकरणहरु र जवाफ पाएका छौं।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने अनुच्छेदमा उल्लेख गरिएको बाहेक ठीकसँग राखिएको छ ।

ग) हाम्रो रायमा यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू संस्थाले राखेको हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरूस्त रहेका छन्।

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

घ) हामीले लेखापरीक्षणको समयमा दिइएको सूचना एंव स्पष्टीकरणका आधारमा एंव संस्थाहरूको परीक्षण गर्दा माथि कैफियत सहितको राय व्यक्त गर्ने अनुच्छेदमा उल्लेख गरिएका बाहेक संस्थाको संचालक समिति वा त्यसका सदस्यहरू वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित कुनै कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानी नोक्सानी गरे गराएको लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

ङ) संस्थामा लेखासम्बन्धी कुनै जालसाजी भएको कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

च) कम्पनी ऐन २०६३ को दफा ७६(१) मा प्रत्येक पब्लिक कम्पनीले कारोबार शुरू गर्ने इजाजत पाएको एक बर्षभित्र प्रथम वार्षिक साधारण सभा गर्नुपर्ने तथा सोही ऐनको दफा ८०(१) अनुसार प्रत्येक पब्लिक कम्पनीले वार्षिक साधारण सभा भएको तीस दिनभित्र सो सभामा उपस्थित शेयरधनीहरूको संख्या, वार्षिक आर्थिक विवरण, सञ्चालक र लेखापरीक्षकको प्रतिवेदन र सो सभाले गरेका निर्णयको एक प्रति कार्यालयमा पठाउनु पर्ने उल्लेख भए बमोजिम पालना नभएकोले सो को पालना हुनपर्दछ।

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

(भीमदेव शर्मा अधिकारी)
उपमहालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal

(सार्वजनिक संस्थान लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या: २०७९/८०
चलानी संख्या: १६५

मिति: २०७९/११/४

श्री अध्यक्षज्यू,
दुधकोशी जलविद्युत कम्पनी लिमिटेड,
काठमाण्डौं।

विषय :व्यवस्थापन पत्र।

हामीले दुधकोशी जलविद्युत कम्पनी लिमिटेडको २०७९ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं। व्यवस्थापनले तयार गरेका वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य व्यक्त गरिएको लेखापरीक्षण प्रतिवेदन आजैका मितिमा जारी गरिएको छ। व्यवस्थापनले गरेका कारोबारको अध्ययनबाट संस्थाले सुधार गर्नुपर्ने बिषय तथा आन्तरिक नियन्त्रण प्रणालीमा रहेका कमजोरीहरुबारे सुझाव सहित पाना- ४ (चार) को यो व्यवस्थापन पत्र जारी गरिएको छ।

..............................
(नारायण प्रसाद पराजुली)
नायब महालेखापरीक्षक

Phone: 01-4772220, 4771270, 4262958, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np/ dir.mgnt@oagnep.gov.np/ Web Page: www.oag.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# व्यवस्थापन पत्र

## दुधकोशी जलविद्युत कम्पनी लिमिटेड

## २०७८/७९

**१. परिचयः** देशमा जलाशययुक्त जलविद्युत आयोजना निर्माण र व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यले २०७३/११/२० कम्पनी ऐन, २०६३ अनुरूप दुधकोशी जलविद्युत कम्पनी लिमिटेडको स्थापना भएको छ ।दुधकोशी जलाशययुक्त जलविद्युत आयोजना प्रदेश नम्बर १ को खोटाङ र ओखलढुङ्गा जिल्लाको सीमाना भई बग्ने दुधकोशी नदीमा पर्दछ। दुधकोशी मुख्य विद्युत गृह र दुधकोशी Dam Toe विद्युत गृहबाट क्रमशः ६०० मेगावाट र ३५ मेगावाट उत्पादन हुनेगरी जम्मा ६३५ मेगावाट जडित क्षमता रहने यस आयोजनाबाट उत्पादित विद्युत ११५ कि.मि. लम्बाइ भएको ४०० के भी डबल सर्किट प्रशारण लाईनबाट ढल्केवरमा जोडिने छ। यस आयोजनाको निर्माणस्थल काठमाडौबाट पूर्व लगभग १६० कि.मि. को दुरीमा रहेको छ । कम्पनीको यस वर्ष शेयर पूंजी ११,०७३,२५०.०० रहेको छ ।

**२. उद्देश्य**

कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम उद्देश्य निम्न बमोजिम रहेको छ :

(क) दुधकोशी जलाशययुक्त जलविद्युत आयोजना लगायत अन्य जलविद्युत आयोजनाहरुको सर्वेक्षण, निर्माण, उत्पादन, सञ्चालन र व्यवस्थापन गर्ने।

(ख) विद्युत उत्पादन, आपूर्ति, वितरण, प्रशारण तथा व्यापार सम्बन्धी कार्य गर्न गराउने ।

(ग) जलविद्युत आयोजना निर्माणका लागि जलविद्युत आयोजनाहरुको पहिचान गरी आवश्यकतानुसार सर्वेक्षण, निर्माण, उत्पादन, सञ्चालन र व्यवस्थापन गर्ने ।

(घ) जलस्रोतबाहेक अन्य स्रोतको पहिचान गरी आवश्यकतानुसार विद्युत आयोजनाको सर्वेक्षण, निर्माण, उत्पादन, सञ्चालन र व्यवस्थापन गर्ने ।

(ङ) उत्पादित विद्युत शक्ति एकमुष्ट बिक्री—वितरणका लागि आवश्यक पर्ने सवस्टेशन तथा प्रसारण लाइनहरु निर्माण गर्ने गराउने ।

(च) कम्पनी अन्तगतका आयोजनाहरुबाट उत्पादित विद्युत शक्ति बिक्री वितरणका लागि आन्तरिक तथा अन्तर्देशीय विद्युत खरीदकर्ताहरुसँग विद्युत बिक्री सम्झौता गरी विद्युत आयात तथा बिक्री वितरण गर्ने गराउने ।

**३. सञ्चालक समिति र व्यवस्थापनको विवरण :**

| | |
|---|---|
| श्री कुलमान घिसिङ | अध्यक्ष |
| श्री लोकहरी लुईटेल | सञ्चालक |
| श्री रविन्द प्रसाद चौधरी | सञ्चालक |
| श्री बसन्त ध्वज श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |

१

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

श्री रत्नकुमार श्रेष्ठ कम्पनी सचिव
बैठक संख्या : ४

## ४. कम्पनी ऐनको पालना :

- **वार्षिक साधारण सभा:** कम्पनी ऐन २०६३ को दफा ७६ बमोजिम प्रत्येक पब्लिक कम्पनीले कारोबार शुरु गर्ने इजाजत पाएको एक वर्षभित्र प्रथम वार्षिक साधारण सभा गर्नु पर्नेछ र त्यसपछि प्रत्येक वर्ष कम्पनीको आर्थिक वर्ष पूरा भएको ६ महिनाभित्र वार्षिक साधारण सभा गर्नु पर्नेछ। साथै सोहि ऐनको दफा ७८ बमोजिम कम्पनीले वार्षिक साधारणसभा हुनुभन्दा कम्तीमा २१ दिन अघि सो दफामा तोकिएका विषय उल्लेख गरी लेखापरिक्षकबाट समेत प्रमाणित गराई कार्यालयमा पेश गर्नुपर्ने हुन्छ । साथै सोहि ऐनको दफा ८० बमोजिम प्रत्येक पब्लिक कम्पनीले वार्षिक साधारण सभा भएको तीस दिनभित्र सो सभामा उपस्थित शेयरधनीहरूको संख्या, वार्षिक आर्थिक विवरण, सञ्चालक र लेखापरीक्षकको प्रतिवेदन र सो सभाले गरेका निर्णयको एक प्रति कार्यालयमा पठाउनु पर्नेछ ।

- **सञ्चालक समिति गठन**

  कम्पनी ऐन २०६३ को दफा ८६ बमोजिम प्रत्येक पब्लिक कम्पनीमा कम्तीमा तीनजना र बढीमा एघारजनासम्म सञ्चालक हुनुपर्नेछ र दफा ८७ बमोजिम कम्पनीको सञ्चालकहरूको नियुक्ति दफा ८९ तथा नियमावलीमा लेखिएका व्यवस्थाहरूको अधीनमा रही कम्पनीको साधारण सभाद्वारा गरिनेछ ।

  तर, कम्पनीको प्रथम वार्षिक साधारण सभा नभएसम्म सञ्चालकहरूको नियुक्ति संस्थापकहरु द्वारा गरिनेछ ।

  कम्पनीको नियमावलीको दफा २७(२) बमोजिम कम्पनीमा ५ जना सञ्चालक रहने व्यवस्था रहेको छ जसमा संस्थापक शेयरधनी नेपाल विद्युत प्राधिकरणको तर्फबाट ३ जना, सर्वसाधारण शेयरधनीको तर्फबाट १ जना र स्वतन्त्र वा व्यवसायिक विशेषज्ञ १ जना सञ्चालक हुने प्रावधान रहेको छ ।

  हाल कम्पनीमा संस्थापक शेयरधनी मध्येबाट ३ जना सञ्चालक कायम रहेको पाइयो । प्रथम वार्षिक साधारणसभा नभइसकेको र सर्वसाधारलाइ शेयर जारी गरिनसकेको अवस्थामा सर्वसाधारण, स्वतन्त्र वा विशेषज्ञ सञ्चालक समेत मनोनयन नगरेको पाइयो ।

- **सञ्चालकहरूको पारिश्रमिक, भत्ता, पुरस्कार**

  कम्पनी ऐन २०६३ को दफा ९१ बमोजिम सञ्चालकहरूले बैठकमा उपस्थित भएबापत पाउने बैठक भत्ता, मासिक पारिश्रमिक, दैनिक भत्ता तथा भ्रमण खर्च वा अन्य सुविधा साधारण सभाले निर्धारण गरेबमोजिम हुनेमा हालसम्म कम्पनीको कुनै पनि वार्षिक साधारणसभा सम्पन्न नभएको र सञ्चालकलाई प्रदान गर्ने

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०७६

२

बैठक भत्ता, मासिक पारिश्रमिक, दैनिक भत्ता तथा भ्रमण खर्च वा अन्य सुविधा साधारण सभाले निर्धारण गरिनसकेको अवस्थामा कम्पनीले बैठक भत्ता सञ्चालकहरूलाई दिइएको पाइयो ।

- **लेखापरीक्षण समिति गठनः** कम्पनी ऐन, २०६३ को दफा १६४(१) बमोजिम तीन करोड रुपैयाँ वा सोभन्दा बढी चुक्ता पुँजी भएको सूचीकृत कम्पनी वा नेपाल सरकारको पूर्ण मा आंशिक स्वामित्व भएको कम्पनीले कम्पनीको दैनिक कार्यसञ्चालन वा व्यवस्थापनमा संलग्न नरहेको सञ्चालकको अध्यक्षतामा कम्तीमा तीनजना सदस्य रहेको एक लेखापरीक्षण समिति गठन गर्नु पर्नेछ ।

  कम्पनी ऐन, २०६३ का सम्पूर्ण दफाहरुको पालना गरि दण्ड र जरिवाना बाट कम्पनीलाई बचाउनु पर्दछ ।

**५. आयकर कानुनको पालना :**

- **आय विवरणः** कम्पनीको आर्थिक वर्ष २०७७/७८ को आय विवरण २०७८/०९/३० सम्ममा दाखिला हुनुपर्नेमा हालसम्ममा पनि दाखिला नभएको र आयकर ऐन को दफा ११७ बमोजिमको शुल्क लाग्ने व्यवस्था छ।

- **कर कट्टी : कर कट्टी :** कम्पनीले आयकर ऐन २०५८ को अनुसूची १ बमोजिम करकट्टी गर्नु पर्नेमा प्रमुख कार्यकारी अधिकृतलाई प्रदान गर्ने भत्ता रू ३३५,७८४ आयमा समाबेश गरी अनुसूची १ बमोजिम करकट्टी गर्नु पर्नेमा १५% कट्टी गरी रु ५०,३६८ दाखिला गरेको पाइयो । आयकर ऐन, २०५८ को सम्पूर्ण दफाहरुको पालना गरी दण्ड र जरिवानाबाट कम्पनीलाई बचाउनु पर्दछ ।

**६. बैंक मौज्दतको परिचालन :** कम्पनीहरुमा सरकारले गरेको शेयर लगानी तथा अन्य कार्यक्रमको लागि प्राप्त भएको बजेटबाट कार्यक्रम संचालन गरी अपेक्षित नतिजा प्राप्त गर्नु पर्नेमा कम्पनीले उल्लेख रकम रु ११,०२८,५२७.८५ कल एकाउन्टमा राखेको देखियो । बजारमा तरलताको अवस्थाको कारणले वाणिज्य बैंकहरुले मुद्दती निक्षपमा अधिक व्याज दिएको अवस्थामा पनि यो कम्पनीले न्यून व्याज दर ०.२५ प्रतिशत हुने कल एकाउन्टमा डिपोजीट गरी न्यून व्याज आर्जन गरेको अवस्था छ ।

नेपाल सरकारले श्रोतको अभावमा १३ प्रतिशत सम्म व्याजदरमा टेजरी बिल लगायतमा आन्तरिक ऋण लिएको छ भने सरकारी संस्थाहरुले स्थापनाको उद्देश्य अनुसार बैंकमा रकम निष्कृय राख्दा न्यून व्याज आर्जन भएको अवस्था छ । सरकारी संयन्त्रबाट कोषको प्रभावकारी व्यवस्थापन गर्ने नीति नहुँदा समग्र मुलुकलाई नै व्ययभार परेको अवस्था रहेको छ । यो कम्पनीको हकमा कार्य योजना विश्लेषण गरी बाँकी रहने रकमलाई सुरक्षित एवं बढी प्रतिफल दिने गरी आय आर्जन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

३

७. गत लेखापरिक्षणको व्यवस्थापन पत्र र अन्तिम लेखापरिक्षण प्रतिवेदनमा भएका कैफियत सुधार भए नभएको अवस्था :

| क्र.सं. | लेखापरीक्षण कैफियत | यस आर्थिक वर्ष |
|---|---|---|
| १ | कम्पनी ऐन, २०६३ को दफा ७६ र दफा ८० पालना नभएको | स्थिति यथावत |
| २ | कम्पनीको सम्पूर्ण खर्चको हिसाब कम्पनीको आय विवरणमा नदेखिएको | स्थिति यथावत |
| ३ | बैंक मौज्दातमा व्याज आम्दानी गुमाएको | सुधार भएको |
| ४ | आयकर कानुनको पालना नभएको | स्थिति यथावत |
| ५ | कम्पनीले आफ्नो वित्तीय विवरण कम्पनीलाई लागु हुने नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुरुप तयार नगरेको | स्थिति यथावत |

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

## दुधकोशी जलविद्युत कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

### २०७९ असार ३२ को वासलात

| विवरण | अनुसुची | २०७८.०३.३२ को (रु.) | २०७८.०३.३१ को (रु.) |
|---|---|---|---|
| **पुंजी तथा दायित्व** | | | |
| शेयर पुंजी | १ | ११,०७३,२५०.०० | ११,०७३,२५०.०० |
| नाफा नोक्सान हिसाव | २ | (७८८,३५६.१५) | (३२४,४५५.००) |
| चालु दायित्व तथा व्यवस्था | ३ | ७४३,६३४.०० | २६१,१५०.०० |
| **जम्मा** | | **११,०२८,५२७.८५** | **११,००९,९४५.००** |
| **सम्पति तथा जायजेथा** | | | |
| स्थिर सम्पति | ४ | - | - |
| लगानी हिसाव | | - | - |
| कर्जा तथा सापटि | | - | - |
| नगद तथा बैंक मौज्दात | ५ | ११,०२८,५२७.८५ | ११,००९,९४५.०० |
| **जम्मा** | | **११,०२८,५२७.८५** | **११,००९,९४५.००** |
| प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु | ७ | | |

हाम्रो संलग्न प्रतिवेदन अनुसार

| | | | | | |
|---|---|---|---|---|---|
| रत्न कुमार श्रेष्ठ | बसन्त ध्वज श्रेष्ठ | प्रदिप कुमार थिके | लोकहरी लुईटेल | कुलमान घिसिङ | सिए आभास गौतम |
| | | सदस्य | सदस्य | अध्यक्ष | साझेदार |
| उप निर्देशक(लेखा) | प्रमुख का. अ. | सं. समिति | सं. समिति | सं. समिति | जि. एण्ड जि. एसोसिएट्स चार्टर्ड एकाउन्टेट्स |

G. & G. Associates Chartered Accountants

दुधकोशी जलविद्युत कम्पनी लि. DUDHKOSHI JALVIDYUT COMPANY LTD. ESTD. 2017

वामदेव शर्मा अधिकारी
उप-महालेखापरीक्षक
महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

## दुधकोशी जलविद्युत कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

२०७८.०४.०१ देखि २०७९.०३.३२ सम्म

## नाफा नोक्सान खाता

| आम्दानी | अनुसुची | आ.ब. २०७८.७९ | आ.ब. २०७७.७८ |
|---|---|---|---|
| बिद्यूत बिक्रीबाट आम्दानी | | - | - |
| अन्य आम्दानी | | १८,५८२.८५ | - |
| **जम्मा** | | **१८,५८२.८५** | - |
| **खर्च** | | | |
| कार्यालय संचालन खर्च | ६ | ४८२,४८४.०० | ६५,१७५.०० |
| मर्मत तथा संभार खर्च | | - | - |
| ह्रासकट्टी खर्च | ४ | - | - |
| **जम्मा खर्च** | | **४८२,४८४.००** | **६५,१७५.००** |
| कर्मचारी बोनस कोषको व्यवस्था अघिको संचालन मुनाफा | | (४६३,९०१.१५) | (६५,१७५.००) |
| कर्मचारी बोनस कोष | | - | - |
| **सञ्चालन मुनाफा** | | (४६३,९०१.१५) | (६५,१७५.००) |
| कर व्यवस्था | | - | - |
| यस बर्षको कर व्यवस्था | | - | - |
| स्थगन कर व्यवस्था | | - | - |
| **आयकर व्यवस्था पछिको खुद मुनाफा** | | (४६३,९०१.१५) | (६५,१७५.००) |

प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु ७

हाम्रो संलग्न प्रतिवेदन अनुसार

| | | | | | |
|---|---|---|---|---|---|
| राम कुमार श्रेष्ठ | बसन्त ध्वज श्रेष्ठ | प्रदिप कुमार थिके | माधवहरी लुइंटेल | कुलमान घिसिङ | सिए आभास गौतम |
| | | सदस्य | सदस्य | अध्यक्ष | साझेदार |
| उप निर्देशक(लेखा) | प्रमुख का. अ. | सं. समिति | सं. समिति | सं. समिति | जि. एण्ड जि. एसोसिएट्स |
| | | | | | चार्टर्ड एकाउन्टेन्टस |

G & G Associates Chartered Accountants

दुधकोशी जलविद्युत कम्पनी लि. DUDHKOSHI JALVIDYUT COMPANY LTD. ESTD: 2017

वामदेव शर्मा अधिकारी
उप-महालेखापरीक्षक
महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

## दुधकोशी जलविद्युत कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

२०७८.०४.०१ देखि २०७९.०३.३२ सम्म

### नगद प्रवाह विवरण

| विवरण | २०७९.०३.३२ को (रु.) | २०७८.०३.३१ को (रु.) |
|---|---|---|
| **संचालन गतिविधिको नगद प्रवाह** | | |
| नाफा नोक्सान हिसाव खाता अनुसारको | (४६३,९०१.१५) | (६५,१७५.००) |
| स्थीर सम्पतीको निसर्ग | - | - |
| पुर्व संचालन खर्च | - | - |
| ह्रासकट्टी | - | - |
| **कार्यसील पूजी परिवर्तन अघिको संचालन नगद प्रवाह** | (४६३,९०१.१५) | (६५,१७५.००) |
| **समायोजन :** | | |
| चालु दायित्वमा बृद्धि (कमी) | ४८२,४८४.०० | ६५,१५०.०० |
| कोषमा कमी (बृद्धि) | | |
| **जम्मा समायोजन** | ४८२,४८४.०० | ६५,१५०.०० |
| **संचालन गतिविधिवाट खूद नगद प्रवाह** | १८,५८२.८५ | (२५.००) |
| **लगानी गतिविधिको नगद प्रवाह :** | | |
| स्थिर सम्पति बिक्री (खरिद) | - | - |
| ल[illegible] | - | - |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | - | - |
| **वित्तिय गतिविधिको नगद प्रवाह :** | | |
| शेयर पूजीको बृद्धि (कमी) | - | - |
| **वित्तिय गतिविधिबाट खूद नगद प्रवाह :** | - | - |
| यस वर्षको खूद नगद प्रवाह विवरण | १८,५८२.८५ | (२५.००) |
| गत वर्षको नगद तथा बैंक मौज्दात | ११,००९,९४५.०० | ११,००९,९७०.०० |
| **यस वर्षको जम्मा नगद तथा बैंक मौज्दात** | ११,०२८,५२७.८५ | ११,००९,९४५.०० |

प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु ७

हाम्रो संलग्न प्रतिवेदन अनुसार

[illegible] कुमार श्रेष्ठ
उप निर्देशक(लेखा)

[illegible]न्ति ध्वज श्रेष्ठ
प्रमुख का. अ.

प्रदिप कुमार थिके
सदस्य
सं. समिति

[illegible]कहरि लुईटेल
सदस्य
सं. समिति

कुलमान घिसिङ
अध्यक्ष
सं. समिति

सिए आभास गौतम
साझेदार
जि. एण्ड जि. एसोसिएट्स
चार्टर्ड एकाउन्टेट्स

बामदेव शर्मा अधिकारी
उप-महालेखापरीक्षक

## दुधकोशी जलविद्युत कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

२०७८.०४.०१ देखि २०७९.०३.३२ सम्म

### इक्वीटिमा भएको परिवर्तन सम्बन्धी बिवरण

रकम रु.मा

| बिवरण | शेयर पूजि | संचित नफा/नोक्सान | कोष | कुल रकम |
|---|---|---|---|---|
| सुरुको मौजदात | ११,०७३,२५०.०० | (३२४,४५५.००) | | १०,७४८,७९५.०० |
| समायोजन | - | - | | - |
| समायोजन पछिको मौजदात | ११,०७३,२५०.०० | (३२४,४५५.००) | - | १०,७४८,७९५.०० |
| शेयर पूजि थप | - | | | - |
| यस बर्षको नाफा | | (४६३,९०१.१५) | | (४६३,९०१.१५) |
| **अन्तीम मौज्दात** | ११,०७३,२५०.०० | (७८८,३५६.१५) | - | १०,२८४,८९३.८५ |

प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु ७

हाम्रो संलग्न प्रतिवेदन अनुसार

रवि कुमार श्रेष्ठ
उप निर्देशक(लेखा)

बसन्त ध्वज श्रेष्ठ
प्रमुख का. अ.

प्रदिप कुमार थिके
सदस्य
सं. समिति

लोकहरी सुईटेल
सदस्य
सं. समिति

कुलमान घिसिङ
अध्यक्ष
सं. समिति

सिए आभास गौतम
साझेदार
जि. एण्ड जि. एसोसिएट्स
चार्टर्ड एकाउन्टेट्स

वामदेव शर्मा अधिकारी
उप-महालेखापरीक्षक

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

दुधकोशी जलविद्युत कम्पनी लि.
DUDHKOSHI JALVIDYUT COMPANY LTD.
ESTD. 2017

# दुधकोशी जलविद्युत कम्पनी लिमिटेड

काठमाडौ, नेपाल

**आ.ब. २०७८.७९**

**शेयर पुंजी** — अनुसुची १

| विवरण | २०७९.०३.३२ को (रु.) | २०७८.०३.३१ को (रु.) |
|---|---|---|
| अधिकृत पुंजी | १०,०००,०००,०००.०० | १०,०००,०००,०००.०० |
| जारी पुंजी | ३,०००,०००,०००.०० | ३,०००,०००,०००.०० |
| | | |
| चुक्ता पुंजी | ११,०००,०००.०० | ११,०००,०००.०० |
| कल्स इन एड्भान्स | ७३,२५०.०० | ७३,२५०.०० |
| जम्मा | ११,०७३,२५०.०० | ११,०७३,२५०.०० |

**नाफा नोक्सान हिसाव** — अनुसुची २

| विवरण | २०७९.०३.३२ को (रु.) | २०७८.०३.३१ को (रु.) |
|---|---|---|
| गत बर्षको | (३२४,४५५.००) | (२५९,२८०.००) |
| यस बर्षको | (४६३,९०१.१५) | (६५,१७५.००) |
| जम्मा | (७८८,३५६.१५) | (३२४,४५५.००) |

**चालु दायित्व तथा व्यवस्था** — अनुसुची ३

| विवरण | २०७९.०३.३२ को (रु.) | २०७८.०३.३१ को (रु.) |
|---|---|---|
| लेखापरिक्षण शुल्क | ५५,७५०.०० | ८३,६२५.०० |
| आयकर व्यवस्था | - | - |
| कर कट्टी | १०,२००.०० | १०,५७५.०० |
| दूधकोशी ज.ज.वि.आ. | ६७७,६८४.०० | १६६,९५०.०० |
| जम्मा | ७४३,६३४.०० | २६१,१५०.०० |

G & Associates ★ Chartered Accountants

दुधकोशी जलविद्युत कम्पनी लि. स्थापित २०७४ ESTD: 2017 DUDHKOSHI JALVIDYUT COMPANY LTD.

# दुधकोशी जलविद्युत कम्पनी लिमिटेड

काठमाडौ, नेपाल

२०७८.०४.०१ देखि २०७९.०३.३२ सम्म

**स्थिर सम्पतिको विवरण** **अनुसुची ४**

| सम्पतिको नाम | कार्यालय उपकरण | अन्य | जम्मा |
|---|---|---|---|
| गत वर्षको बाँकी | - | - | - |
| यस वर्षको थप | - | | - |
| सम्पत्तिको निसर्ग | - | | - |
| **ह्रास योग्य मूल्य** | - | - | - |
| ह्रासकट्टी दर | २५% | १५% | |
| यस आ.व को ह्रासकट्टी | - | - | - |
| **बाँकी मूल्य** | - | - | - |

# दुधकोशी जलविद्युत कम्पनी लिमिटेड

काठमाडौ, नेपाल

आ.ब. २०७८.७९

**नगद तथा बैंक मौज्दात** — **अनुसुची ५**

| विवरण | २०७९.०३.३२ को (रु.) | २०७८.०३.३१ को (रु.) |
|---|---|---|
| नगद मौज्दात | | |
| एभरेष्ट बैंक लि. | ११,०२८,५२७.८५ | ११,००९,९४५.०० |
| **जम्मा** | ११,०२८,५२७.८५ | ११,००९,९४५.०० |

**कार्यालय संचालन खर्च** — **अनुसुची ६**

| विवरण | २०७९.०३.३२ को (रु.) | २०७८.०३.३१ को (रु.) |
|---|---|---|
| बैठक भत्ता | ३०,०००.०० | – |
| लेखा परिक्षण शुल्क | २८,२५०.०० | २८,२५०.०० |
| लेखा परिक्षण खर्च | २२,६००.०० | ३,०००.०० |
| परार्मश खर्च | ५०,८५०.०० | ३३,९००.०० |
| बैक शुल्क | – | २५.०० |
| भत्ता तथा सुबिधा | ३५०,७८४.०० | – |
| **जम्मा** | ४८२,४८४.०० | ६५,१७५.०० |

G & G Associates * Chartered Accountants *

दुधकोशी जलविद्युत कम्पनी लि. स्थापित २०७३ ESTD 2017 DUDHKOSHI JALVIDYUT COMPANY LTD.

दुधकोशी जलबिद्युत कम्पनी लिमिटेड
काठमाडौं, नेपाल

**प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु आ.ब. २०७८।७९** **अनूसुची ७**

१. **सामान्य जानकारी**

देशमा जलाशय युक्त जलविधुत आयोजना निंमाण र व्यवस्थापनलाई अझ प्रभावकारी वनाउने उद्देश्यले वि. स. २०७३।११।२० मा कम्पनी ऐन २०७३ अनुरुप दुधकोशी जलविद्युत कम्पनी लिमिटेडको स्थापना भएका छ।

२. **वित्तीय विवरणमाथिको उत्तरदायित्व**

वित्तीय विवरणमाथिको उत्तरदायित्व संस्थाको व्यवस्थापन तथा सञ्चालक समितिमा निहित रहेको छ । संलग्न वित्तीय विवरणहरु संस्थाको सञ्चालक समितिको वैठकबाट स्वीकृत भएको छ । प्रस्तुत वित्तीय विवरणहरु संस्थाको अविच्छिन्न सञ्चालन (Going Concern Assumption) मान्यताको आधारमा तयार पारिएको छ ।

३. **वित्तीय विवरण तयारीका आधारहरु**

संस्थाको आर्थिक विवरणहरु ऐतिहासिक लागत अवधारणा (Historical Cost Concept) अनुरुप अन्यथा उल्लेख भएकोमा वाहेक प्रोद्‌भावी आधारमा तयार गरिएको छ । संलग्न वित्तीय विवरणहरु लेखाको सर्वमान्य सिद्धान्त तथा प्रचलन अनुसार तयार पारिएका छन् । वित्तीय विवरण तयार पार्दा लेखा सिद्धान्तमा आधारित रहेर केही अनुमानहरु गर्नुपर्ने तथा लेखा नीतिहरु लागू गर्ने क्रममा व्यवस्थापनपक्षले स्वविवेकको समेत प्रयोग गर्नुपर्ने हुन्छ । यस वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले गरेका लेखा अनुमानहरु विवेकसम्मत र उचित रहेको कुरामा व्यवस्थापन विश्वस्त छ । लेखा अनुमानहरु तत्कालीन अवस्थाको यथोचित विश्लेषणअनुरुप निर्धारण गरिने भएकोले भविष्यको परिणाम फरक पर्न सक्ने हुन्छ । लेखा अनुमानमा भविष्यमा हुने परिवर्तनहरु प्रचलित लेखामानअनुरुप तत्काल तथा त्यसपछिको अवधिमा Prospectively समायोजन गरिन्छन् । स्वविवेक तथा अनुमानहरु समयसमपेक्ष तथा उचित रहिरहुन् भनेर नियमित रुपमा पूनरावलोकन गरीएका छन् ।

४. **प्रमुख लेखा नीतिहरु** (Principle Accounting Policies):

संस्थाको वित्तीय विवरणहरु तयार गर्दा आधार लिईएका लेखा नीतिहरु तल उल्लेख गरिएको छ। अन्यथा उल्लेख गरिएको अवस्थामा वाहेक अटुट रुपमा नीतिहरुको पालना गरिएको छ ।

४.१ **जेथा(Equity)**

सम्पत्तिवाट सम्पूर्ण दायित्व घटाए पश्चात् वाँकी रहने शेयरधनी सदस्यको स्वार्थ नै जेथा (Equity) हो । यस अन्तर्गत शेयरधनी सदस्यले लगानी गरेको शेयर रकम, सञ्चित मुनाफा तथा सञ्चित मुनाफावाट विनियोजन गरिएको जगेडा कोषहरु पर्दछन् ।

दुधकोशी जलबिद्युत कम्पनी लिमिटेड
काठमाडौ, नेपाल
प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु आ.ब. २०७८।७९ अनूसुची ७

४.२ **सम्पत्तिहरु**

सम्पत्ति भन्नाले विगतका घटनाक्रमहरुले गर्दा निकायको नियन्त्रणमा आएको त्यस्ता आर्थिक श्रोतहरुलाई जनाउँछ जसको उपयोग बाट निकायले भविष्यमा आर्थिक लाभ प्राप्त गर्नसक्ने सम्भावना आङ्कलन गरेको हुन्छ । वासलात मितिमा कम्पनीको नियन्त्रणमा रहेको तथा भविष्यमा आर्थिक लाभको आङ्कलन गरिएको नगद, बैंक खाता, लगानी, कर्जा तथा सापटी, स्थिर सम्पत्ति लगायतकासम्पूर्ण सम्पत्तिहरुलाई कम्पनीको वासलातमा समावेश गरिएको छ ।

४.२.१ **स्थिर सम्पत्ति**

**(क)प्रारम्भिक मूल्याङ्कन**

स्थिर सम्पत्तिहरु लागत अवधारणामा आधारित रही लागतमा सञ्चित ह्रास कट्टी रकम तथा impairment loss घटाई वासलातमा प्रस्तुत गर्ने नीति लिइएको छ ।स्थिर सम्पत्तिको लागतलाई देहायका दुई अवस्था पूरा गरेको खण्डमा मात्र सम्पत्तिको रुपमा लेखाङ्कन गर्ने नीति लिइएको छ :

क) त्यस सम्पत्तिसँग सम्बन्धित भविष्यमा प्राप्त हुने आर्थिक लाभहरु कम्पनीलाई प्राप्त हुने यकिन आधार भएमा, र

ख) त्यस सम्पत्तिको लागत एकिन भएमा

स्थिर सम्पत्तिको निर्माण वा खरीदको अवस्थामा खरीद मूल्य तथा सोमा लागेको प्रत्यक्ष खर्चहरु जोडी मूल्यांकन गरिएको छ ।

स्थिर सम्पत्तिको बिक्री वा अपलेखनबाट नोक्सान भएमा अपलेखन खर्च शीर्षकमा र फाईदा भएमा विविध आम्दानी शीर्षकमा लेखाङ्कन गरिएको छ ।

**(ख) सुरुवाति लेखाङ्कन पछि गरिने खर्चहरु (subsequent costs)**

स्थिर सम्पत्तिको सुरुवाति लेखाङ्कन पछि गरिने खर्चहरु (subsequent costs) लाई स्थिर सम्पत्तिको पहिचान गर्ने मापदण्ड पूरा गरेकोअवस्थामा मात्र सम्पत्तिको रुपमा पहिचान गरिन्छ । सम्पत्तिमा पहिचान गर्न मापदण्ड पूरा नगर्ने त्यस्ता खर्चहरुलाई नाफा नोक्सानहिसाबमा खर्च लेखाङ्कन गरिन्छ ।

४.२.२ **लगानी**

नियमित रुपमा व्याज तथा लाभांश आर्जन गर्ने, वा विक्रि गरी पूँजीगत लाभ आर्जन गर्ने उद्देस्य राखी धारण गरिएको बैंकमा राखिएका मुद्धति निक्षेपहरु, संगठित संस्थाको शेयरहरु लगायतका उपकरणहरुलाई वासलातमा "लगानी" शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ ।लगानी

दुधकोशी जलबिद्युत कम्पनी लिमिटेड
काठमाडौ, नेपाल

**प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु आ.ब. २०७८।७९** **अनूसुची ७**

उपकरणहरुलाई लागत मूल्यमा खरीद गर्दा वेहोरेको खर्च समेत समावेश गरी गणना गरिएको हुन्छ। कम्पनीले गरेको लगानीलाईदेहायमा उल्लिखित तीनवटा वर्गमा विभाजित गरेको छ।

**(क) भुक्तानी मितिसम्म धारण गर्ने लगानी (Held To Maturity Investments)**

भुक्तानी मितिसम्म धारण गर्ने प्राथमिक उद्देश्य सहित यस्ता लगानीहरु गरिएका हुन्छन् र यसलाई लागत मूल्यका आधारमाभुक्तानी मितिसम्म नै वासलातमा देखाइएको हुन्छ।

**(ख) व्यापारिक लगानी (Held For Trading Investments)**

यी लगानीहरु बजारमा बिक्री योग्य लगानी हुन् र छोटो समयावधिमा बिक्री गरि पूँजिगत लाभ आर्जन गर्ने मुख्य उद्देश्य सहितधारण गरिएका हुन्छन्। यी लगानीहरुलाई शुरुमा लागत मूल्यका आधारमा गणना गरी तत्पश्चात् बजार मूल्यका आधारमागणना गरिन्छ। कारोबार तथा पुनर्मूल्याङ्कनबाट सिर्जित लाभ वा हानीलाई नाफा-नोक्सान हिसाब खातामा लेखाङ्कन गरिन्छ।

**(ग) बिक्रीको लागि उपलव्ध लगानी (Available For Sale Investments)**

यी लगानीहरु भुक्तानी मिति सम्म धारण गर्ने लगानी तथा व्यापारिक लगानी बाहेकका लगानीहरु हुन्। यी लगानीलाई शुरुमा लागत मूल्यका आधारमा गणना गरी तत्पश्चात् बजार मूल्यका आधारमा गणना गरिन्छ। मूल्यमा हुने उतारचढावका कारण लगानी अवधिसम्ममा सिर्जित लाभ वा हानीलाई सिधै लगानी समायोजन कोषमा लेखाङ्कन गर्ने गरिन्छ र यस्ता उपकरण बिक्रीगरेको बखत नगदमा आधारित भई लाभ वा हानीलाई आय व्यय हिसाब खातामा प्रस्तुत गरिन्छ।बजार मूल्य निर्धारण गर्ने समयमा धितोपत्र बजारमा भएको कारोबार गतिविधिलाई ध्यानमा राखिन्छ। धितोपत्र बजारमा सूचीकृत भएका तर सक्रिय रुपमा खरिद बिक्री नभएका लगानीहरुको गणना लागतमा गरिन्छ।

**४.२.३ अन्य सम्पति**

अन्य सम्पत्ति अन्तर्गत अग्रिम भुक्तानीहरू, पेश्की तथा पाउनुपर्ने हिसाबहरू लेखांकन गर्ने गरिएको छ।

**(क) मौज्दात**

संस्थाले खरिद गरेको सबै किसिमको स्टेशनरी, छपाई तथा अन्य बिबिध सामाग्रीहरुलाई खपतको आधारमा FIFO (First In First Out) प्रणालीबाट हुन आउने रकम खर्च लेखी मौज्दात रहेकोलाई अन्य सम्पत्तिमा देखाईएको छ।

**(ख) अग्रिम भुक्तानी(Prepayments)**

भविष्यमा प्राप्त गरिने सेवाहरु जस्तै वीमा, भवनको वहाल, सञ्चार सेवा, करार अन्तर्गतका मर्मत सम्भार सेवा र अन्य विविध सेवाहरुकोआपूर्तिका लागि तथा अग्रिम रुपमा भुक्तानी गरिने

दुधकोशी जलबिद्युत कम्पनी लिमिटेड
काठमाडौं, नेपाल

**प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु आ.ब. २०७८।७९** **अनूसुची ७**

रकम नै अग्रिम भुक्तानी हो । अग्रिम भुक्तानी गरिएको रकमलाई भुक्तानी मितिमा पूर्णमूल्यमा सम्पत्तिका रुपमा लेखाङ्कन गरिन्छ र सेवाको आपूर्ति भएको मितिमा वा सेवाको समयावधि समाप्त भएको मितिमा नाफा नोक्सान हिसाबमा खर्च जनाईन्छ ।

**४.३ दायित्व तथा व्यवस्थाहरु**

कम्पनीको दायित्व तथा व्यवस्थाहरु अन्तर्गत सापटीहरु, निक्षेपहरु, कर दायित्वहरु,सम्भावित कर्जा नोक्सानी व्यवस्था, विविध साहुहरु तथा अन्य दायित्वहरु पर्दछन् ।

अन्य बक्यौता खर्चहरु जसको भुक्तान समय तथा भुक्तान गर्नुपर्ने रकम यकिन हुँदैन जस्तै व्यवसायिक सेवा खर्च, संचार खर्चहरु इत्यादि, त्यस्ता अन्य बक्यौता खर्चहरु विगतको खर्च तथा उपभोगको मात्रा, दोस्रो पक्ष सँगको समझदारि आदिको आधारमा अनुमान गरेरलेखाङ्कन गरीएको छ । यस्ता खर्चहरु विजकको प्राप्ति वा बिलका आधारमा पछि फर्छ्यौट गरीने गरिन्छ ।

**(ग) आयकर तथा अन्य कर दायित्व**

संस्थाको आयकर दायित्व आयकर ऐन २०५८ ले निर्दिष्ट गरे बमोजिम व्यवस्था गरिएको छ ।चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट तिर्नुपर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानून) वासलात मितिमा लागू भएका दर हुन् । सोहीअनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधारमानी गणना गरिन्छ ।अन्य कर दायित्वमा आयकर ऐन २०५८ ले निर्दिष्टगरे बमोजिम विभिन्न भुक्तानीमा गरिएको कर कट्टी रकम समाविष्टछ ।

**४.४ सम्भावित दायित्वहरु**

सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गरिएका छन् ।
विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता संभावित दायित्वहरु जसको अस्तित्व भविष्यका एक वा एकभन्दा बढी अनिश्चितघटनाक्रमहरुले निक्यौल गर्नेछ, जुन कम्पनीको नियन्त्रणभन्दा बाहिर रहेको हुन्छ, वाविगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएका दायित्वहरु ।

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको,
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको ।

यस आर्थिक बर्षको अन्त्यमा त्यस्तो कुनै सम्भावित दायित्वहरुरहेको छैन ।

**४.५ वासलात मिति पछिका घटनाहरु**

वासलात मिति पछिका घटनाहरु त्यस्ता अनुकुल वा प्रतिकुल घटनाहरु हुन्, जुन वासलात मितिदेखि वित्तीय विवरण जारी गर्नका लागिअनुमोदन गरिएको मितिका बीच घटित हुन्छन् ।यस परिप्रेक्षमा, वासलात मितिपश्चात घटित सबै सारभूत तथा महत्वपूर्ण घटनाहरुलाई

दुधकोशी जलबिद्युत कम्पनी लिमिटेड
काठमाडौ, नेपाल

**प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु आ.ब. २०७८।७९** **अनूसुची ७**

ध्यान दिईएको छावासलात मिति पश्चात वित्तीय विवरणमा समायोजन गर्नुपर्ने वा प्रस्तुत गर्नुपर्ने गरी कुनैपनि घटनाहरु सिर्जना भएका छैनन् ।

**४.६ आयको लेखाङ्कन**

आर्थिक वर्षको कार्यसम्पादनका दौरान सम्पत्तिमा वृद्धि वा दायित्वमा कमी भई शेयर सदस्यहरुको जेथाको वृद्धि गराउने आय, शुल्क, सम्पत्ति तथा दायित्वको निसर्गबाट प्राप्त लाभ इत्यादि शिर्षकहरुलाई सो वर्षको आयमा लेखाङ्कन गरिन्छ ।

**४.७ खर्चको लेखाङ्कन**

आर्थिक वर्षको कार्यसम्पादनका दौरान दायित्वमा वृद्धि वा सम्पत्तिमा कमी भई शेयरसदस्यहरुको जेथामा ह्रास आउने कर्मचारी खर्च, कार्यालय संचालन खर्च, इत्यादि शिर्षकहरुलाई सो वर्षको नाफा नोक्सान हिसाबमा खर्च लेखाङ्कन गरिन्छ ।

**४.७.१ कर्मचारी तथा अन्य सञ्चालन खर्च**

कर्मचारीको तलब, भत्ता लगायतका सुविधाहरू र कार्यालय सञ्चालन सम्बन्धी खर्चहरू प्रोदभावी (Accrual) आधारमा लेखाङ्कन गर्ने गरी आर्थिक वर्षको अन्त्यमा भुक्तानी गर्न बाँकी खर्चको सम्वन्धित शीर्षकमा खर्च जनाई दायित्वको व्यवस्था गरिएको छ ।

कम्पनीको कर्मचारीहरुबाट प्राप्त गरेको सेवा वापत व्यहोर्नु पर्ने सबै किसिमका व्ययलाई कर्मचारी खर्चमानिएको छ । कर्मचारी खर्चमा तलब, भत्ता,कर्मचारी सुविधा बापतका खर्चहरू, नाफामा आधारित बोनस, सञ्चय कोष आदि खर्चहरू समाविष्ट छन्।

श्रम ऐन २०७४ बमोजिम संचित बिदा बापतको व्यवस्था, कर्मचारी उपदान बापतको व्यवस्था, कर्मचारीको लागि व्यक्तिगत दुर्घटना तथा औषधोपचार बिमा खर्चको व्यवस्था गरिएको छैन ।

**४.७.२ ह्रासकट्टि तथा प्रतिशोधन खर्च (Amortization) खर्च**

स्थिर सम्पत्तिहरुमा घट्दो शेष प्रणाली अनुसार आयकर ऐन २०५८ ले निर्दिष्ट गरेको दर र पद्धति अनुरुप ह्रासकट्टि गर्ने नीति लिइएको छ । यस्तो नीति नेपाल लेखामान १६ "Property, Plant & Equipment" ले निर्धारण गरेको मान्यता अनुरुप छैन जसले सम्पत्तिको उपयोगी आयुको आधारमा व्यवस्थित तरीकाले ह्रासकट्टि गर्नु पर्ने कुरा निर्दिष्ट गर्दछ ।

कम्प्यूटर सफ्टवेयर लगायतका अन्य अदृष्य सम्पत्तिहरु (Intangible Assets) प्रयोगमा आएको मितिले प्रत्येक वर्ष २० प्रतिशतका दरले खर्च लेखाङ्कन गर्ने नीति लिईएको छ ।

**४.७.३ आयकर खर्च**

दुधकोशी जलबिद्युत कम्पनी लिमिटेड

काठमाडौं, नेपाल

**प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु आ.ब. २०७८।७९** **अनूसुची ७**

आयकर खर्चमा यस वर्षको कर व्यवस्था तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ ।

**५. लेखा सम्बन्धि टिप्पणीहरु**

**५.१ शेयर पूँजी**

संस्थाको यस वर्षको चुक्ता पुंजी रु. ११,०००,००० र कल्स इन एड्भान्स रु ७३,२५० रहेको छ । गत बर्ष पनि संस्थाको चुक्ता पुंजी रु. ११,०००,००० र कल्स इन एड्भान्स रु ७३,२५० रहेको थियो ।

**५.२ जगेडा तथा अन्य कोषहरु**

संस्थाको यस वर्षको अन्त्यमा जगेडा तथा अन्य कोषमा जम्मा रु. (७८८,३५६.१५) रहेको छ ।

**५.३ आयकर ब्यवस्था**

यस आर्थिक बर्षमा कम्पनी नोक्सानी भएकोले आयकर व्यवस्था गरिएको छैन ।

**५.४ पुनर्वर्गीकरण तथा पुनसमूहिकीकरण**

गत वर्षको रकमहरुलाई आवश्यकता अनुसार पुन समूहिकरण तथा पुनर्वर्गीकरण गरिएको छ ।

दुधकोशी जलविद्युत कम्पनी लि. DUDHKOSHI JALVIDYUT COMPANY LTD. ESTD: 2017

G. & G. Associates Chartered Accountants

# Salient Features of Dudhkoshi Storage HEP

| | |
|---|---|
| Installed Capacity | 635 MW (600 + 35 = 635 MW) |
| Average Annual Energy | 3,442 GWh (Dry Season = 1,358 GWh and Wet Season = 2,084 GWh) |
| **Hydrology** | |
| Catchment Area | 3,857 Sq.km |
| Average Annual River Flow | 209 Cumec |
| Design Flood (PMF) | 12,638 Cumec |
| **Reservoir** | |
| Area | 19.7 Sq.km |
| Length | 31.5 km |
| Gross Storage | 1,581 $Mm^3$ |
| Live Storage | 1,342 $Mm^3$ |
| Full Supply Level (FSL) | 640 masl |
| Minimum Operating Level(MOL) | 530 masl |
| **Dam** | |
| Type of Dam | Concrete Face Rockfill Dam (CFRD) |
| Height | 220 m |
| Crest Length | 630 m |
| **Main Powerhouse** | |
| Design Discharge | 224.4 Cumec |
| Design Head (Rated) | 294.0 m |
| Headrace Tunnel | Length = 13.2 km; (9.8 m dia.) |
| Penstock | Length = 410.5 m; (7.85 m dia.) |
| Underground Powerhouse | 117 m x 24.75 m x 48 m |
| Turbine Type, Numbers | Francis, 4 x 150 = 600 MW |
| **Dam ToePowerhouse** | |
| Design Discharge | 21.3 Cumec |
| Design Head (Rated) | 182 m |
| Headrace Tunnel | Length = 929.5 m (3.6 m x 3.6 m. D-Shape) |
| Penstock | Length = 345 m (3.6 m dia.) |
| Surface Powerhouse | 35 m x 18.3 m x 39.0 m |
| Turbine Type, Number | Francis, 1 x 35 = 35 MW |
| Transmission Line | 81 km long 400 kV Double Circuit (up to Dhalkebar Substation) |
| Estimated Cost | 2.2 Billion USD (Including Interest of Construction Period)<br>(Base Year 2020 A.D.) |
| Construction Period | 7 years |

# टिपोट :










मानननीय अर्थमन्त्रीज्यू एवं उर्जा मन्त्रीज्यूको उपस्थितिमा अर्थ मन्त्रालयमा
मिति २०८० भदौ २६ गते सम्पन्न लगानी बैठक।



ओखलढुङ्गा जिल्ला, संघिय सांसद एवं राज्य व्यवस्था तथा सुसाशन समिति सभापति माननीय श्री रामहरि खतिवडाज्यूबाट अध्यक्ष श्री कुलमान घिसिङ तथा आयोजना टिमसँग आयोजना सम्बन्धि विस्तृत छलफल ।



खोटाङ जिल्लाको प्रमुख जिल्ला अधिकारीज्यू एवं अन्य अधिकारीसँग आयोजना सम्बन्धि समसामयिक विषयको छलफल ।



आयोजना प्रभावित क्षेत्रको जनतासँगको समसामयिक विषयक सार्वजनिक सुनुवाई ।




आयोजना प्रभावित क्षेत्रको जनतासँग EIA सम्बन्धि सार्वजनिक सुनुवाई ।




Project presentation with Mr. Priyantha Wijayatunga Director, Energy Division, South Asia Department, ADB & Mr. Jiwan Acharya, Principal Energy Specialist, South Asia Team, Energy Sector Office, Sectors Group.





मिति २०८० असार १५ गते सम्पन्न प्रथम साधारण सभा ।







ADB Safeguard
Mission
May-June 2023



Social Safeguard Workshop





Workshop on Environmental
& Social Safeguard
Studies at
2080 Bhadra 5

Mr. Arnaud Cauchois, ADB Country Director
Mr. Bimal Gurung CEO
Mr. Pushkar Manandhar
Senior Project Officer (Energy)
ADB & Mr. Hari Om Aryal
Company Secretary





Workshop on Environmental
& Social Safeguard
Studies at
2080 Bhadra 5






कार्यकारी निर्देशक कुलमान घिसिङज्यू एवं ए.डि.बि.का महानिर्देशक
Mr. Ramesh Subramanian ज्यू, ए.डि.बि.को Country Director Arnaud Cauchois ADB
लगायत अन्य पदाधिकारीबाट मिति २०८० कार्तिक १५ गते आयोजनाको अवलोकन ।




Site Visite by Project Team



Sampling for e DNA



EIA Discussion at Salleri Solukhumbu District



Noise Quality Measurement



Interaction Program on FIDIC Contract Models




Interaction Program on FIDIC Contract Models



Consultation with Affected Indigenous People




# दुधकोशी जलविद्युत कम्पनी लिमिटेड

## DUDHKOSHI JALVIDYUT COMPANY LIMITED

का.म.न.पा. वडा नं. ३१, काठमाडौँ, बागमती प्रदेश, नेपाल
फोन नं. ९७७-०१-५९१७१३७
इमेल : dkoshi@nea.org.np